## घाटाको व्यापार

काठमाडौं । नेपालको व्यापारघाटा गत आर्थिक वर्ष ११ खर्ब ६२ अर्ब १० करोड रुपैयाँ पुगेको छ । यो घाटा आव २०७३।७४ को तुलनामा २७.५३ प्रतिशत बढेको हो । आयात झन् झन् बढ्ने तर निर्यात नबढ्ने भएका कारण व्यापारघाटा बढेको हो ।

आव २०७४।०७५ मा नेपालले १३ खर्ब २४ अर्ब ४८ करोड रुपैयाँको वैदेशिक व्यापार गरेको थियो । यसमध्ये १२ खर्ब ४३ अर्ब २९ करोड रुपैयाँको वस्तु तथा सेवा नेपाल भित्रिँदा ८१ अर्ब १९ करोड रुपैयाँको **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## प्रोटोकलमा छलफल हुने


काठमाडौं । नेपाल र चीन व्यापार तथा पारवहनको प्रोटोकल सम्झौताका लागि भदौ दोस्रो साता छलफल हुने भएको छ । प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका बेला प्रोटोकलमा हस्ताक्षर हुन सकेको थिएन । भदौ १० र ११ गते नेपाली पक्ष र चिनियाँ पक्षबीच काठमाडौंमा प्रोटोकलको विषयमा छलफल हुँदैछ । यसअघि बेइजिङमा असार २६ र २७ मा भएको दोस्रो चरणको छलफल सहमतिमा पुगेको थिएन । प्रधानमन्त्री ओलीको सन् २०१६ को **बाँकी ८ पेजमा**

वर्ष ७ अंक १७, २०७५ साल साउन २५ गते शुक्रबार, नेपाल संवत् ११३८ (Aug. 10, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# संघीयताको सकसमा सरकार

काठमाडौं । भारत र युरोपेली युनियनले थुपारिदिएको संघीयता नै समृद्ध नेपाल र सुखी नेपालीका लागि घाँडो सावित हुँदैछ । केपी ओली नेतृत्वको कथित कम्युनिस्ट सरकार गठन भएको ६ महिना पुग्नै लाग्दा संघीयताले नै सरकार सकसमा रहेको र सपनाको खेतीबाहेक अरु विषयमा प्रवेश गर्न नसकेको विश्लेषण गर्न थालिएको छ । विकासको रामवाणका रुपमा व्याख्या गर्दै ०६४ मा अन्तरिम संविधानलाई तेस्रो पटक संशोधन गरेर 'नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ' भनेर जुन लेखियो त्यसै दिनदेखि नेपाल तंग्रिनै नसक्ने गरी थला पर्दै आयो । नेपालको संविधान २०७२ अनुसार संघीय संसद प्रवेश र स्थानीय तीनवटै तहको निर्वाचन सम्पन्न भयो र संघीयता कार्यान्वयन तहमा आयो । संघीयताको कुरुप अभ्यास अहिले जसरी हुँदैछ त्यसले देशलाई बर्बादीतर्फ धकेलिरहेको छ ।

संघीयता नेपाली जनताको माग थिएन । ०६२।६३ को वसन्त आन्दोलनमा निरंकुश राजतन्त्रका विरुद्ध मात्र नारा घन्काएका थिए जनताले । द्वन्द्वकालमा माओवादीले सोझा सिधा जनतालाई होम्न जातीय राज्यहरुको खाका कोरेको थियो । यद्यपि माओवादीहरु शान्ति प्रक्रियामा सामेल भएपछि संघीयताको विषय उठाइएन । अन्तरिम संविधान २०६३ मा पनि संघीयता उल्लेख थिएन । सात दल र माओवादीबीचको २०६२ मंसिर ५ गतेको १२ बुँदे दिल्ली सम्झौतामा पनि संघीयताको विषयले प्रवेश पाएको थिएन । तर भारतीय खुफिया एजेन्सी रअले २०६३ मा माओवादीकै एनजीओ मधेसी जनअधिकार फोरमलाई प्रभावमा लिएर गौर नरसंहार गरायो । जसका मुखिया थिए उपेन्द्र यादव । रअले कांग्रेसलाई फुटाउँदै महन्थ ठाकुरको नेतृत्वमा तराई मधेस लोकतान्त्रिक पार्टी निर्माण गरायो । फोरम, तमलोपा, राजेन्द्र महतोवाला सद्भावना पार्टीलाई अघि सारेर तराईमा बसोबास गर्ने आप्रबासीहरुलाई गोलबद्ध गर्दै रअले तराई नै विखण्डन गर्ने रणनीति अख्तियार गरायो । आत्मनिर्णयको अधिकारसहितको 'एक मधेस एक प्रदेश' को मागका रुपमा तराईलाई नयाँ बंगलादेश बनाउने हर्कतहरु सतहमा देखिएपछि तत्कालीन कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पार्टीमा छलफल समेत नगराई अन्तरिम संविधानमा संघीयतालाई लिपिबद्ध गराए । नेपाललाई सधैं अस्थिर बनाउने र नेपालमा माइक्रो मेनेजमेन्ट गरिरहने भारतीय शासक वर्गको मुराद संघीय नेपालमा सहजै सम्भव भयो । संघीयताको भारतीय एजेन्डा गिरिजाले सहजै किन स्वीकारेका थिए त्यो अझै रहस्यमय छ ।



नेपाली जनताले चाहेको आफ्नो अधिकार र समग्र विकास हो । बहुजाति, बहुभाषा र बहुसंस्कृतियुक्त नेपालमा जातीय राज्यको माग समेत उछालियो । युरोपेली युनियनका कतिपय देशहरुले जातीय संघीयतामा लगानी गरे र जातीय आन्दोलन समेत भए । तर देश पृथ्वीनारायण शाहभन्दा अघिको अवस्थामा पुग्न भने बालबाल बच्यो । नेपालमा जातीय दंगा भड्काउने, मध्यस्थकर्ताका रुपमा नेपाल छिर्ने र समाजवादी चीनविरोधी गतिविधिलाई तेज गर्ने पश्चिमा शक्ति राष्ट्रहरुको साजिस नाकाम त भयो तर ओली सरकार अहिले त्यसकै घेराबन्दीमा पर्दै गएको विश्लेषकहरुको ठम्याई छ । संघीयताको सफलतामाथि विस्तारै प्रश्नचिन्हहरु उठ्न थालेका छन् । संघीयताले देशको सर्वांगिण विकास हुने कुरा अहिले मिथक बन्दैछ ।

संसारका १९६ देशमध्ये पछिल्लो पटक नेपालसहित २८ वटा देशमा मात्र संघीयताको अभ्यास छ । अर्थात् विश्वको ४० प्रतिशत जनसंख्या मात्र संघीय शासन प्रणालीभित्र रहेको छ । यीमध्ये संघीयतामा गएका विकसित राष्ट्रहरुको संख्या ९ मात्र छ भने १४ वटा विकासशील र आठवटा अति कम विकसित देशले संघीयता अपनाएका छन् । विकसित देशहरु जर्मनी, क्यानडा, अष्ट्रेलिया, स्वीटजरल्यान्ड, संयुक्त राज्य अमेरिका, स्पेन र दक्षिण अफ्रिकामा संघीय शासन प्रणाली छ । विकासशील देशहरु ब्राजिल, भेनेजुएला, अर्जेन्टिना, मेक्सिको, मलेसिया, नाइजेरिया, सेन्ट किट नोमिस (टापु), माइक्रोनिसिया (टापु), बोस्निया हर्जगोभिना, युएई, भारत र पाकिस्तान लगायत देशले संघीयताको अभ्यास गरिरहेका छन् । अति कम विकसित देशहरु इथोपिया, सुडान, कुमुरस र नेपाल संघीयतामा गएका छन् । बेल्जियम संघीयतामा गएको भर्खरै हो भने स्पेन अर्ध संघीयतामा छ । युरोपका ४३ वटा देशहरुमध्ये पाँचवटाले मात्र संघीयता अपनाएका छन् । अष्ट्रिया, जर्मनी र स्वीटजरल्यान्ड मात्र पूर्ण संघीयतामा छन् । नेपाललाई संघीयतामा जाान सहयोग दिने स्केन्डिभियन देशहरु नर्वे, फिनल्यान्ड, स्वीडेन, डेनमार्क आफैं केन्द्रीकृत शासन प्रणालीमा छन् । दक्षिण अमेरिकी देशहरु ब्राजिल, अर्जेन्टिना, मेक्सिको र भेनेजुयलामा नाम मात्रको संघीयता छ । यी देशहरुमा केन्द्रले नै अधिकांश प्रशासनिक अधिकार तथा वित्तीय निर्देशित रुपमा प्रयोग हुन्छन् । पूर्वी गल्फ देशहरुमध्ये युएईले मात्र संघीयता अवलम्बन गरेको छ । यहाँ पनि संघीयता नामको मात्र छ । सबै केन्द्रबाटै प्रशासनिक र वित्तीय अधिकार निर्देशित हुन्छ ।

दक्षिण एसियामा संघीयता अपनाइरहेको भारतमा स्थानीय स्तरमा आर्थिक वृद्धि हुन सकेको छैन । विश्वको चौथो ठूलो अर्थतन्त्र भनिए पनि भारतमा धनी र गरिबबीचको खाडल झन् गहिरिँदै छ । नयाँ राज्यहरु जन्मिने क्रम जारी छ । पछिल्लो पटक गोर्खाल्यान्डको मागलाई भारतले सैन्यबल र फुटाउ र राज्य गरको रणनीतिद्वारा कमजोर बनाएको छ । पाकिस्तानमा पटक पटक सैन्य कु हुने गरेको छ । हालै २५ जुलाईमा सम्पन्न पाकिस्तानी आम निर्वाचनमा पूर्व क्रिकेटर र इमरान खानको पार्टी तहरिक ए इन्साफ पार्टीले बहुमत प्राप्त गर्‍यो र खान नयाँ प्रधानमन्त्री बन्दैछन् । तर **बाँकी ८ पेजमा**

## क्यान्सर पीडित बालकलाई सहयोग




काठमाडौं । सिन्धुपाल्चोक जिल्ला चौतारा सागाचोक न.पा.-९ कदम्बास (सुकुटे) का नारायण श्रेष्ठ तथा सुशिला श्रेष्ठका एक मात्र छोरा वर्ष ५का बाबु साइरस श्रेष्ठ बाबु ब्लड क्यान्सरबाट पीडित भै हाल कलकत्ताको टाटा मेमोरियल हस्पिटलमा उपचाररत छन । हाल उनको उपचारका लागी डाक्टरले बताएअनुसार नेपाली ३५/४० लाख लाग्ने भनिएको छ । यो रकम उनको परिवारले जुटाउन सक्ने अवस्था नभएको **बाँकी ८ पेजमा**

## महिला हिंसा उत्कर्षमा

काठमाडौं । नेपाली महिलाले लामो संघर्षपछि थुप्रै राजनीतिक हक अधिकारहरु संवैधानिक र कानुनी रुपमा नै प्राप्त गरे तापनि महिलामाथि हुने अमानवीय हिंसाले उत्कर्ष रुप लिइरहेको छ । वृद्ध हजुरआमादेखि भर्खरै दूध छोडेकी ६ वर्षीय शिशुसम्म हत्या र बलात्कारको सिकार हुनुपर्ने अवस्थाले गर्दा सभ्य समाजको अनुहारमा नराम्रो ध्वाँसो पोतिएको छ ।

हाम्रो देशमा हरेक दिन तीन जना महिला बलात्कृत भएको आँकडा देखिन्छ भने दुई महिलामाथि बलात्कारको प्रयास हुने गरेको छ । चेलिबेटी बेचबिखन, ओसार पसारको समस्या उत्तिकै कहालिलाग्दो रहेको छ । खाडी राष्ट्रहरुमा वैदेशिक रोजगारका लागि पुगेका दिदीबहिनीहरुले भोग्नु परेको कहालिलाग्दो शोषण, उत्पीडनका कारण सरकारले खाडी राष्ट्रमा महिला कामदार पठाउन प्रतिबन्ध लगाएपछि दलालहरुले अवैध बाटो रोजेका छन् । दिल्लीको पहाडगन्जबाट खाडी पठाउन लगिएका दर्जनौं नेपाली चेलीहरुलाई हालै मात्र उद्धार गरेर ल्याइएको छ ।

प्रहरीको तथ्यांकअनुसार प्रत्येक वर्ष एक हजार भन्दा बढी महिला बलात्कारको **बाँकी ८ पेजमा**

## थापाले सम्हाले सेनाको कमाण्ड

काठमाडौं । बलाधिकृत रथी पूर्णचन्द्र थापाले कायममुकायम प्रधानसेनापतिका रुपमा हिजोदेखि नेपाली सेनाको कमाण्ड सम्हालेका छन् ।

प्रधानसेनापति राजेन्द्र क्षत्रीले सैनिक मुख्यालय जंगी अड्डामा हिजो आयोजित विशेष समारोहमा बलाधिकृत रथी थापालाई नेपाली सेना बुझबुझारथ गरेका छन् । प्रधानसेनापतिले आफ्नो कार्यकाल सकिनुभन्दा एक महिना अघिदेखि बिदा बस्ने परम्पराअनुरुप प्रधानसेनापति क्षत्रीले कमाण्ड हस्तान्तरण गर्न लागेका हुन् । बलाधिकृत रथी थापाले भदौ २३ गतेदेखि मात्र नेपालको ४३ औं प्रधानसेनापतिको पूर्ण जिम्मेवारी सम्हालेका छन् । **बाँकी ८ पेजमा**



## वाणिज्य सन्धि पुनरावलोकन हुने

काठमाडौं । नेपाल भारत वाणिज्य सन्धि पुनरावलोकनका लागि नेपाल र भारतको सहसचिव स्तरीय टोली नयाँ दिल्लीमा छलफलमा व्यस्त छ । नेपालबाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव रविशंकर सैंजुको नेतृत्वमा ८ सदस्यीय टोली यतिबेला वाणिज्य सन्धिमा पुनरावलोकन गर्नुपर्ने प्रावधानमाथि छलफल गर्दैछ ।

सन् २००९ मा पछिल्लो पटक भएको परिमार्जनपछि पहिलो पटक वाणिज्य सन्धि संशोधन गर्न नेपाल र भारतबीच सहसचिव स्तरीय बैठक बसेको हो । पुनरावलोकनका लागि पहिलो पटक बसेको बैठकमा वाणिज्य सन्धिको कुन कुन प्रावधान संशोधन गर्नुपर्ने हो भन्नेमा छलफल केन्द्रित हुनेछ । वर्षौं पुरानो नेपाल-भारत वाणिज्य सन्धि पुनरावलोकन गर्न नेपालले पहिलेदेखि नै माग गर्दै आएको थियो । केही समयअघि काठमाडौंमा भएको नेपाल भारत प्रबुद्ध समूहको बैठकमा वाणिज्य सन्धिसहित अन्य सन्धि गर्ने सहमति भएको थियो ।

लामो समयसम्म सन्धि पुनरावलोकन नहुँदा यसमा रहेका केही प्रावधान नेपालको हितमा नरहेको विज्ञहरु बताउँछन्- नेपाल भारतबीच व्यापार सन्धि जुनबेला भयो, त्यो बेलाका प्रावधान अहिले पुराना भइसकेका छन् । अहिलेको सन्दर्भमा सो सन्धिले नेपाललाई फाइदा गर्दैन । वाणिज्य सन्धि पुनरावलोकन गर्दा भारतीय लगानीको विषयलाई पनि नेपालले प्राथमिकतामा राख्दैछ । वाणिज्य सन्धि लगानीकर्तालाई आकर्षित गर्ने गरी संशोधन गरिनुपर्ने नेपाली पक्षको ठहर छ ।


नेपालको सबैभन्दा धेरै व्यापार हुने मुलुक भारत हो । भारतसँगकै व्यापारघाटा सबैभन्दा उच्च छ । भन्सार विभागको आर्थिक वर्ष ०७४।०७५ को तथ्यांकअनुसार भारतसँगको व्यापारघाटा उच्च **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ**

## प्रहरी मनोबल गिराउन इन्काउन्टर विवाद

**राजेन्द्र शर्मा**

११ वर्षे स्कुले बालक निशान खड्काको निर्मम हत्या गर्ने हत्याराहरु गोपाल तामाङ र अजय तामाङलाई प्रहरीले सूर्य विनायकको जंगलमा गोली ठोकेर सुताइदिएपछि इन्काउन्टर विवादमा भन्दै प्रहरीको मनोबल गिराउने काम भइरहेको छ । 'इन्काउन्टर' दोहोरो मुठभेड वा जम्काभेटमा दुवैतर्फको भिडन्त भन्ने बुझिन्छ तर यी दुई अपराधीको प्रहरीले जसरी इहलीला समाप्त गर्‍यो त्यसलाई लिएर प्रहरी फेक इन्काउन्टरतर्फ जान लागेको भनेर प्रहरी कारबाहीको विरोध गरिँदैछ । यसले अन्य अपराधीहरुको मनोबललाई उठाउन मद्दत गरिरहेको कुरा बिर्सन हुँदैन ।



फिरौती रकम मागेर बालक अपहरण गर्नु आफैंमा अपराध हो । अझ अपहरितको नृशंस तवरले हत्या गर्नु महाअपराध । यस्तो जघन्य महाअपराध गर्नेलाई सजाय मृत्युदण्ड नै हो । उनीहरुलाई त पक्रने साथ ठाउँको ठाउँ गोली ठोक्नु पर्थ्यो । नेपालको संविधानमा मृत्युदण्डको व्यवस्था छैन । जन्मकैदको सजाय सुनाइन्छ । जेल बसेको दश **बाँकी ८ पेजमा**

## लेखा अधिकृतको यत्रो कर्तुत

काठमाडौं । आर्थिक समृद्धिको लागि सुशासन अनिवार्य शर्त हो । सुशासनको पहिलो कसी भ्रष्टाचाररहित कर्मचारीतन्त्र नै भएकाले कर्मचारीतन्त्र इमानदार, पारदर्शी र सदाचारी हुन आवश्यक छ । यसका विपरीत हाम्रो कर्मचारीतन्त्र दिनानुदिन भ्रष्ट बन्दै गइरहेको छ । भ्रष्टाचारको जालो तलदेखि माथिसम्म नै विद्यमान रहेको छ । जनतासँग सोझो सम्पर्क हुने स्थानीय तहको सरकार अहिले भ्रष्ट भएको चौतर्फी प्रश्न उठिरहेको छ । स्थानीय तहमा देखिएको अर्बौंको बेरुजुले यसको पुष्टि गर्छ ।

यसैबीच कर्मचारीको नयाँ पुस्तासमेत भ्रष्ट रहेको तथ्य एकजना लेखा अधिकृतले गरेको करोडौंको भ्रष्टाचारले पुष्टि गरेको छ । लेखा अधिकृत रविनचन्द्र ढकाल २०७२ मंसिर १५ गते मात्र **बाँकी ८ पेजमा**

## किन ओरालो लाग्यो शेयरबजार ?

काठमाडौं । शेयर बजारका प्रमुख नियामक निकाय नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जबीचको जुहारीले शेयर बजारका लगानीकर्ताको करोडौं सम्पत्ति बन्धक बनेको छ । बजार निरन्तर घटिरहेको बेला सुधारका प्रयास थाल्नुपर्ने बेलामा दुई नियामक निकायबीच समन्वय नहुँदा हजारौं लगानीकर्ता मर्कामा परेका हुन् ।

नेपाल धितोपत्र बोर्डले नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा शेयर सूचीकृत गराउँदा कम्पनीहरुले नेप्सेलाई तिर्नुपर्ने सूचीकरण शुल्क कटौती गरिदिएपछि दुई संस्थाबीच जुहारी चलेको हो । बोर्डले 'धितोपत्र सूचीकरण विनियमावली, २०७५' स्वीकृत गर्दै साउन १ गतेदेखि लागू हुने गरी सूचीकरण शुल्क कटौती गरेको थियो ।

नयाँ सूचीकरण विनियमावली अनुसार ५० करोडसम्म चुक्ता पूँजी भएका कम्पनीले ०.०५ प्रतिशत र ५० करोड रुपैयाँभन्दा माथि चुक्ता पूँजी भएका कम्पनीले ०.०२५ प्रतिशत शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । नेप्सेले भने ०.०७ **बाँकी ८ पेजमा**

## विशिष्ट श्रेणीमा बढुवा

काठमाडौं । मन्त्रिपरिषद् बैठकले प्रदेश नं ५ का कायममुकायम प्रमुख सचिव तीर्थराज ढकाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव आनन्दराज ढकाल र गृहमन्त्रालयका सहसचिव केदार न्यौपानेलाई विशिष्ट श्रेणीमा बढुवा गर्ने निर्णय गरेको छ । बढुवा भएका तीर्थराज ढकाललाई प्रदेश नं ५, आनन्दराज ढकाललाई प्रदेश नं ३ र केदार न्यौपानेलाई प्रदेश नं १ को प्रमुख सचिवमा पदस्थापन गरिएको छ । त्यस्तै प्रदेश नं ३ का प्रमुख सचिव रेश्मिराज पाण्डेलाई प्रधानमन्त्री कार्यालयमा पदस्थापन गरेको छ । नेपाल लेखापरीक्षण सेवाको विशिष्ठ श्रेणीको पदमा राममाया कुँवरलाई बढुवा गरिएको छ ।




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बढ्दो व्यापार घाटाले निम्त्याएको चुनौती

नेपालको व्यापारघाटा हरेक वर्ष वृद्धि हुँदै गइरहेको छ । सरकारका अर्थमन्त्रीले व्यापारघाटा कम गराउने सूत्र बजेट भाषणसँगै पस्किने गरे तापनि ती कामयाबी हुन सकेका छैनन् । गत आर्थिक वर्षको व्यापारघाटा ११ खर्ब ६२ अर्ब १० करोड रूपैयाँ पुगेको छ । यो घाटा आर्थिक वर्ष २०७३/७४ को तुलनामा २७.५३ प्रतिशत बढी हो । निर्यातको तुलनामा आयात अत्यधिक बढेका कारण व्यापारघाटा चुलिएर गएको छ । चुलिएर गएको व्यापार घाटाले अर्थतन्त्रलाई जोखिमतर्फ लैजाने चिन्ता अर्थशास्त्रीहरूले गर्न थालेका छन् ।

अर्थशास्त्रका अध्यापक गजेन्द्रमणि शर्माका अनुसार नेपालको व्यापारघाटा बढ्नुमा सरकार जिम्मेवार रहेको छ । भएका उद्योगधन्दा सञ्चालन हुन सक्ने वातावरण नबनाउनु र नयाँ उद्योगधन्दा नखोली आयातको भर पर्नाले व्यापारघाटा बढेको हो । पर्यटन, जलस्रोत, जडीबुटी, वन पैदावार र कृषिको समग्र विकास गरी आयात प्रतिस्थापन गर्ने अवस्थामा पुऱ्याएको खण्डमा मात्र व्यापारघाटा कम गर्न सकिने भनाइ शर्माको रहेको छ ।

आर्थिक वर्ष २०७४/७५ मा नेपालले १३ खर्ब २४ अर्ब ४८ करोडको वैदेशिक व्यापार गरेको थियो । यसमध्ये १२ खर्ब ४३ अर्ब २९ करोड रूपैयाँको वस्तु तथा सेवा नेपाल भित्रिँदा ८१ अर्ब १९ करोड रूपैयाँका नेपाली उत्पादन विदेशी बजारमा पुगेका छन् ।

नेपालको सबैभन्दा ठूलो व्यापारघाटा भारतसँग रहेको छ । वैदेशिक व्यापारको ५७.४ प्रतिशत हिस्सा भारतसँगको व्यापारले ओगटेको छ । भारतसँगको बढ्दो परनिर्भरताले नेपाललाई नराम्रोसँग गाँजेको छ । मोटर, मोटरपार्ट्स्, पेट्रोलियम, खाद्यान्न, विद्युतीय सामान, लत्ताकपडा, फलफूल, माछामासु लगायतका वस्तु मात्र नभएर बिजुली समेत भारतबाटै ल्याएर बालेका कारण भारतसँगको व्यापारघाटा अपूरणीय रूपमा बढेर गएको छ ।

हाम्रो देश कृषिप्रधान मुलुक भनिए तापनि अहिले कृषिमा समेत परनिर्भर बनेको छ । कृषिमा आधुनिकीकरण हुन नसकेकाले निर्वाहमुखी अवस्थामा मात्र रहेको कृषि पनि अहिले थला परेको छ । कृषियोग्य भूमिको विनाश, सहरी जनसंख्याको वृद्धि, वैदेशिक रोजगारीका कारण खेतीपाती छोडेर सहर छिर्ने परम्पराले कृषि उत्पादनमा पूरै ह्रास आएर जग्गा जमिन बाँझिन पुगेका छन् । हाम्रो देशबाट विगत ३० वर्ष अगाडिसम्म धान, चामल पनि निर्यात हुन्थ्यो । धान चामल निर्यातका लागि खाद्य संस्थान जस्तै धान चामल निर्यात कम्पनी खोलेर धानको संकलन गरी चामल बनाएर निर्यात गरिन्थ्यो अहिले त्यो इतिहास भइसकेको छ । अहिले धान चाम मात्र नभएर कोदो जस्ता खाद्यान्न समेत विदेशदेखि आयात हुने अवस्था रहेको छ ।

त्यसैगरी आम प्रयोजनमा नआउने विलासिताका वस्तुले पनि व्यापारघाटा बढाएको छ । व्यापारघाटा कम गराउनका लागि मुलुकलाई आत्मनिर्भरताको बाटोमा लैजानुको विकल्प छैन । अहिले विद्युत् उत्पादनलाई तीव्रता दिन थालिएको छ । साथै बिजुली खेर जाला कि भन्ने चिन्ता पनि गरिँदैछ । बिजुलीलाई हामीले पेट्रोलियमको विकल्पमा प्रयोग गरेर पेट्रोलियमको आयात प्रतिस्थापन गराउनेबारे अहिलेदेखि नै योजना बनाउनुपर्छ । सबैभन्दा ठूलो व्यापारघाटा बढाउने पेट्रोलियमको आयातमा पच्चीस प्रतिशतसम्म घटाउन सकेको खण्डमा व्यापारघाटामा ठूलो राहत मिल्छ । त्यसैगरी अहिले आयात भइरहेको बिजुली कटौती गरेर त्यसको डबल परिमाणमा तत्काल निर्यात गर्न सकेमा त्यसले भारतसँगको व्यापारघाटा घटाउन सहयोग पुग्छ ।

नेपाल आत्मनिर्भर हुँदै गएका चिजहरूको सूची बनाएर ती चिजहरू आउन रोक्नुपर्छ । जस्तै अहिले सिमेन्ट उत्पादन आत्मनिर्भरतातर्फ गइरहेको छ । विदेशी सिमेन्टको आयात रोकेर नेपालीलाई प्रोत्साहन गर्नुपर्छ । जुत्ता, चप्पल जस्ता उत्पादन पनि नेपालमा पर्याप्त भइरहेका छन् । यसमा पनि विदेशी आयात घटाएर नेपालीलाई प्रबर्द्धन गरिनुपर्छ । रक्सी, वाइन, विचार नेपालमा पर्याप्त उत्पादन भए तापनि महँगा रक्सीहरू अहिले पनि आयात भइरहेका छन् । यसमा तत्काल रोक लगाउनुपर्छ । कोरिया जस्तो विकसित मुलुकमा समेत स्थानीय उत्पादन 'सोजु' लाई प्रोत्साहन गर्न आयातित मदिरामा रोक लगाइएको छ । हाम्रो देशमा माछा पर्याप्त उत्पादन भइ रहे तापनि बंगाल, विहारबाट कुँदिएका माछा आयात भइरहेको छ । कृषिजन्य उत्पादनलाई प्रोत्साहन गरिनुपर्छ । निर्यातजन्य उद्योग स्थापनालाई प्रोत्साहन र प्रबर्द्धन गर्दै लैजानुपर्छ । सरकारले नीति मात्र बनाउने होइन, कार्यान्वयन र अनुगमन पक्षलाई समेत सँगसँगै अघि बढाएर व्यापारघाटा कम गराउनेबारे गम्भीरतापूर्वक सोच्न आवश्यक छ ।

# जुँचे विचार र नेपालको नियति



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

क्षेत्रफलको हिसाबले नेपालभन्दा सानो देश हो उत्तर कोरिया । मेची महाकालीबीचको नेपालको क्षेत्रफल १ लाख ४७ हजार वर्गमिटरभन्दा अलिकति बढी छ भने उत्तर कोरियाको क्षेत्रफल १ लाख २० हजार वर्गमिटरभन्दा केही बढी छ । तर यति सानो देशले कसरी अमेरिका जस्तो महाशक्ति राष्ट्रका राष्ट्रपतिलाई गत जून महिनामा सिंगापुरमा वार्ताको टेवलमा ल्याउन बाध्य पाऱ्यो ? के अमेरिका उत्तर कोरियासँग डराएरै वार्ताको टेवलमा आएको हो त ? होइन भने उत्तरबाहेक चारैतिरबाट आर्थिक नाकाबन्दी गरिएको उत्तर कोरियासँग के छ ? अनि अमेरिकालाई वार्तामा आउन केले बाध्य पाऱ्यो ? अनि नेपालमा पनि निर्वाचित तथाकथित वामपन्थीको सरकार छ अनि नेपाल चाहिँ अझै पनि किन अर्धऔपनिवेशिक, कंगाल, भ्रष्ट राष्ट्रको अवस्थाबाट गुज्रन परिरहेको छ (?) भन्ने कुराको जवाफ खोज्दै जाँदा के चाहिँ पत्ता लाग्ने रहेछ भने नेपालले न त सक्षम नेता पायो न त प्रभावपूर्ण विचार र नीति नै ।

मार्क्सवादलाई सोभियत परिस्थितिमा ढाल्दा त्यो लेनिनवाद हुन पुग्यो । चीनको परिस्थिति ढाल्दा माओवाद हुन पुग्यो अनि उत्तर कोरियाको परिस्थितिमा ढाल्दा त्यो जुँचेवाद बन्न पुग्यो । मार्क्सवादको पहिलो प्रयोग लेनिनवाद झण्डै एक शताब्दिपछि सोभियत संघमा धराशायी हुन पुग्दा सोभियत संघ १८ टुक्रामा विखण्डन भयो । त्यसले पुरै पूर्वी युरोपको समाजवादी ब्यवस्था समेतको जरो उखेलिदियो । चीनमा माओवादको जगमा गरिएको नयाँ आर्थिक क्रान्तिको सफल प्रयोगले यसले आर्थिक र सामरिक दुवै क्षेत्रमा अमेरिकालाई उछिन्ने स्थिति देखापरेको छ भने कोरियामा किम इल सुङले प्रतिपादन गरेको जुँचे विचारले उनका नाती किम जोंग उनको पालामा अमेरिकालाई वार्ताको टेवलमा बराबरीको आधारमा बस्न बाध्य बनायो ।

इराक, लिविया, सिरियामाथि सैन्य समाधान रोजेको अमेरिकाले उत्तर कोरियामाथि त्यही समाधानको बाटो किन रोज्न सकेन ? किनभने जुँचे विचारको सफल प्रयोगको कारण माने पनि नमाने पनि उत्तर कोरियाले राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय आत्मनिर्भरता र राष्ट्रिय सुरक्षाको ग्यारेन्टी गर्न सकेर नै हो ।

### के हो त जुँचे विचार ?

कोरियाली शब्द जुँचेको ठ्याक्कै नेपाली अनुवाद आत्मनिर्भरता र अंग्रेजीमा Self Reliance हो । यो विचार उत्तर कोरिया राज्य संचालनको मुख्य आधार (State Ideology) हो र उत्तर कोरियामा भएको यस विचारको सफल प्रयोगको कारण नेता किम इल सुङ विश्वकै श्रमजीवि वर्गका नेता र उनको विचार जुँचेले विश्वब्यापी मान्यता प्राप्त गर्न सक्यो । आत्मनिर्भरता के के कुरामा आवश्यकता पर्दछ भन्ने कुरामा जुँचेले स्पष्टै मार्ग निर्देशन गरेको छ । त्यो भनेको पहिलो राष्ट्रिय स्वतन्त्रता र अखण्डता (Sovereignty and Independence) आफैंले जोगाउन सक्नु पर्दछ, दोस्रो भनेको गास, बास अनि कपाससहितको आर्थिक समृद्धि (Prosperous National Economy) आफैंले हासिल गर्नुपर्छ अनि तेस्रो भनेको जतिसुकै ठूलो शत्रु होस् उसको आक्रमणबाट आफ्नो देश र जनताको सुरक्षा (Self Defence) गर्न सक्नु पर्दछ । यी तीन कुराहरु त्यतिबेला मात्र सम्भव हुन्छ जति बेला मान्छे आफ्नो भाग्यको निर्माता (Man is the master of his destiny) आफैं भई उसले क्रान्ति र विकासको नेतृत्व गर्छ । राष्ट्रिय सुरक्षा र आर्थिक रुपमा आत्मनिर्भरता नभैकन साँचो अर्थमा सच्चा समाजवादमा जान सकिँदैन भन्ने कुरालाई जुँचेले आत्मसात गरेको कारणले नै न अमेरिका न जापान जस्ता देशको सामरिक धम्की, न उनीहरुको आर्थिक नाकावन्दी केहीले पनि उत्तर कोरियालाई हल्लाउन सकेन, त्यस्को ठीक विपरीत बरु विश्व साम्राज्यवादको नाइके भनेको अमेरिका युद्ध विरामको अवस्थालाई उछिन्दै उत्तर कोरियासँग वार्ताको टेवलमा आउन बाध्य हुनु पऱ्यो । यदि उत्तर कोरिया र यसको नेतृत्वले जुँचे विचार र यसका सिद्धान्तलाई कार्यरुपमा परिणत गर्न सक्तैनथ्यो भने उत्तर कोरियाले पनि इराक र लिवियाको नियति भोग्नु पर्थ्यो होला ।



### नेपालको नियति

नेपालले आफ्नो एकिकरण आफ्नै बलमा गरेको थियो । नेपालले सन् १८५७ मा भारतमा भएको सिपाही विद्रोहलाई आफ्नै बलमा दमन गरी भारतमा भएको अंग्रेजी राजको आयुलाई ९० वर्ष बढाइदिएको थियो । तर कालान्तरमा त्यही गौरवशाली नेपालको नेतृत्व विचार दिन नसकी पंगु भएको कारण यसले आफ्नो राष्ट्रिय सार्वभौमिकता र अखण्डतालाई १९५० र १९६५ को सन्धीद्वारा भारतको पोल्टामा हालेर नेपाललाई अर्धऔपनिवेशिक राष्ट्रमा दर्ज गऱ्यो । अहिले नेपालको राष्ट्रिय अखण्डता र स्वतन्त्रता लम्पसारवादको सिकार बनेको छ । तसर्थ जुँचे विचारधाराको पहिलो बुँदाकै आधारमा भन्दा नेपाललाई स्वतन्त्र राष्ट्र भन्न मिल्दैन । झन् राष्ट्रिय सुरक्षाको कुरा गर्ने हो भने त एउटा बन्दुक, सैनिकका टोपी र पेटीसम्म किन्न पनि माथि उल्लेख भएका सन्धिको आधारमा नेपालले भारतको स्वीकृति लिनुपर्ने बाध्यता छ ।


स्वदेशको सुरक्षा गर्न विदेशीको स्वीकृति लिनुपर्ने नेपाल जस्तो देशले के आफ्नो राष्ट्रिय सुरक्षा गर्न सक्छ ? सक्तैन भन्ने कुरा टिस्टा काँगडाको प्रदेशलाई भारतले पूर्ण उपनिवेश बनाउँदा, नेपालको हालको सीमा ७१ स्थानभन्दा बढी ठाउँमा भारतले मिच्दा, अन्तर्राष्ट्रिय कानुन विपरीत दशगजा क्षेत्रमा निर्माण कार्य गरी नेपाली भूमिलाई जलमग्न बनाउँदा नेपाल राज्य टुलुटुलु हेरेर बस्छ भने जुँचे विचारको दास्रो बुँदा पनि नेपालमा लागु भएको अवस्था छैन ।

अब आउँ जुँचे विचारधाराको तेस्रो बुँदातर्फ त्यो भनेको राष्ट्रिय अर्थतन्त्रको निर्माण र आर्थिक आत्मनिर्भरता । यस कुरामा पनि नेपाल चुकेको छ । नेपाल न उत्पादनमा आत्मनिर्भर न निर्यात गरेर कमाउन सक्छ । संसारको सबैभन्दा ठूलो ब्यपारघाटा भएको देशमा गनिन्छ नेपाल । नेपाली युवायुवतीहरुलाई विदेशमा कठिन, फोहोरी र खतरनाक काम गर्न पठाइ उनीहरुले हुण्डी गरी पठाएको विदेशी मुद्राले आयात गरी उठेको भन्सारबाट देश चलिरहेको, आमरुपमा भ्रष्टाचार गरी कमाएको पैसाले नेता गणहरुको अनुहार चिल्लो भइरहेको र नेपाली जनता सिटामोल खान नपाइ मरिरहेको अवस्थालाई हेर्दा जुँचे विचारको तेस्रो बुँदामा पनि नेपाल चुकेको छ ।

नेपालमा पनि आफ्नो माटो सुहाउँदो विचार आवश्यक छ भनी पुष्पलालले नौलो जनवाद प्रतिपादन गरे, नेपालमा पनि जुँचे विचार सान्दर्भिक छ भनेर नारायणमान बिजुक्छे, माणिकलाल, हिरण्यलाल श्रेष्ठहरु सो विचार प्रवाहमा लागि परेकै हुन् ।

जे भने पनि नेपालको कम्युनिष्ट आन्दोलन एमालेको असफल बहुदलीय जनवाद अनि माओवादीको असफल प्रचण्ड पथमा पुगेर अवसान भएको अहिलेको अवस्थामा नेपालमा पनि किमइल सुंग जस्तो राजनेता र नेपाली माटोमा मिल्ने जनवादको प्रतिपादन गर्नुपर्ने ऐतिहासिक आवश्यकता देखिएको छ । यसो गर्न सकिएन भने नेपाल अर्धऔपनिवेशिकबाट पूर्ण औपनिवेशिक बनी राष्ट्रिय स्वतन्त्रता गुमाउने देश बन्ने खतरा यथावत छ ।

# श्रीमद् भगवद् गीताको सर्वव्यापकता (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

२०७५ जेठ २५ को प्रथम सोपानमा अध्याय ३ सम्मको वर्णन भएकाले यो दोस्रोमा क्रमागत अध्याय ४ देखि प्रस्तुत छ ।

पहिले पनि यो योग परम्परामै राजर्षीहरुले सिकाइरहनुभएको हो । समयले बिर्संदै पनि गइएको छ । त्यही तिमी अर्जुनलाई भनेको हुँ । मेरा र तिम्रा धेरै जन्म बितिसके । मलाई थाहा छ तिमीलाई थाहा छैन । नजन्मने नष्ट नहुने आत्मा भए पनि आफ्नै खुसीले धर्म र कर्तव्यको ह्रास भएको बखत अधर्म र अकर्तव्यमा मान्छेहरु प्रवृत्त हुन लागेपछि म आउने कारण साधुहरुको रक्षा र अनाचारहरुको नास गरी फेरि धर्म कर्तव्यमा मानिसहरुलाई प्रवृत्त गराउने मात्र हो । यस्तो ईश्वरको जन्म तथा कर्म पनि सम्झी राखे मुक्ति हुन्छ ।

मनमा स्वार्थ डर अथवा रिस नलिएर ईश्वरमा आश्रय लिइयो भने राम्रो हुन्छ किनभने जसले जसरी खोज्छ त्यसैगरी दिने मेरो बानीले यसरी नै संसार चलेको छ । गुण तथा कर्मको आधारमा मान्छेहरुको ४ विभाग बुद्धि बनाइएको छ तैपनि ती सबैले ईश्वरलाई र ईश्वरार्पण गरी काम गर्नेलाई छेक्दैनन् । गर्नुपर्ने काम नगरे पनि बेकाम तथा गर्नै नहुने काम पत्ता लगाउने उपाय के छ भने कर्तव्यभित्र अकर्तव्य लुकेको छ कि अथवा गर्नु नपर्ने कामहरुभित्रै पनि गर्नुपर्ने काम छन् कि भनेर बुद्धिमानहरुले खोजीरहनुपर्छ । ती मात्र राम्रा काम गर्ने हुन् तर त्यसमा आफ्नो स्वार्थ पटक्कै रहनु हुँदैन । यसरी काम गर्ने नै पण्डित मानिन्छन् । यसरी काम गर्दा आनन्द पनि आउँछ । केही काम गरेको जस्तो पनि लाग्दैन ।

त्यतिमात्र होइन, अरुकै निमित्त काम गर्दा पनि आफ्नो स्वार्थ रहला । यसको निमित्त जे प्राप्त हुन्छ, त्यसैमा मनमा सन्तोष लिएर शेखी उब्जन नदिए पनि बन्धनमा परिँदैन । यस्तै कामलाई यज्ञ भनिन्छ । ईश्वरमै अर्पण ईश्वरै रुपको काम ईश्वरैले गरेको र पुग्ने पनि ईश्वरैमा हो भन्नु नै समाधि स्वरुप गमन हो । (२४)

यसै कारण प्रार्थना, भजन पूजा, इन्द्रिय दमन, प्राणायाम, दान, अध्ययन, तपस्या सबैमा संयमपूर्वक लाग्नु परेको हो । यिनै कामलाई थरिथरिका यज्ञ भनिन्छ । मन नलगाई गरिएको कामले यो लोकमा त सुख दिँदैन भने ईश्वर प्राप्ति त अर्कै कुरो भयो । त्यहाँ ईश्वरार्पण हुनैपर्छ । देखावटी कामभन्दा ज्ञानयुक्त काम नै श्रेष्ठ हो । यस्तो कुरोमा शंका समाधान गर्न प्रश्न सोध्ने गर्नुपर्छ । प्रसन्नता साथ ज्ञानी जनबाट आउने उत्तरमै पछिबाट मोहमा डुब्नु पर्दैन । पापीको पनि उद्धार पछि पापमा नफर्कने गरी विश्वासयुक्त भरोसामा हुन्छ । यसको सानु उदाहरण दाउरा अग्नि भएपछि त्यो दाउरामा फर्कँदैन ज्ञान पनि यस्तै हो ।

त्यस्तो ज्ञान श्रद्धाले र उचित इन्द्रिय प्रयोगले पाइन्छ । मुर्ख्याइँले र श्रद्धारहित देखावटी ज्ञानले पाइँदैन । यसैकारण त शंकालुहरुले धोकामा बस्नु परेको हो । ईश्वरमै मिल्नुलाई पनि योग भनिन्छ । त्यो योग अज्ञानको शंका समाधान भएपछि पाइन्छ । यसैकारण कार्य सबैको महत्वपूर्ण पद योग अर्थात् ईश्वर बुद्धि मान्ने गरौं (पद्य ४२ अध्याय ४) ।

संन्यास र कर्मयोग दुवै राम्रा हुन् । तैपनि कर्मयोग नै ठूलो हो । कसैसँग रिस नगर्ने कसैसँग केही खोज्दै नखोज्ने संन्यासी हो । सांख्य योगले पनि यही भनेको छ । मन शुद्ध हुनै पऱ्यो । इन्द्रियहरुलाई आफ्ना बशमा राख्नै पऱ्यो । इन्द्रियहरुका बशमा पर्नु भएन । यसबाट सबै प्राणीमा श्रद्धा भएर आफू दुःखमा पर्नु पर्दैन । तत्व जान्नेहरु हेर्दा, सुन्दा, छुँदा सुँघ्दा खाँदा हिँड्दा सास फेर्दा पनि यिनीहरु इन्द्रियले गरेका हुन् भनी ईश्वरार्पण स्वार्थ नराखी काम गर्ने हुनुपर्छ । कमलको पातमा रहेको पानी जस्तै तर्केर बनुपर्छ । संन्यासीहरु आफैंले आफूलाई शुद्ध गरी हिँड्छन् । यसैबाट ज्ञान प्राप्त गर्दै जान्छन् ( ।१० ।११) । त्यही कामले फलको आशा गर्दा बन्धनमा परिन्छ भने त्यस्तो आशा नगर्दा शान्ति मिल्छ । सबै काम यसै गरी व्यवस्थित गरौं । नवद्वारको यो शरीररुपी सहरमा सुखसँग बसौं ।

ईश्वरले कर्म पनि बनाउँदैन आफू कर्म पनि गर्दैन । त्यसको फल पनि चाख्दैन । त्यो कर्मको फल जीवले स्वार्थवश मात्र चाखे जस्तो हुने हो । यसैकारण भगवान्ले कसैको पाप पनि पुण्य पनि लिँदैन भन्नु नै बुद्धिमानी हो । यसो गरिएन भने ईश्वरलाई पाप पुण्यमा भुलाइने होइन, आफैं भुली भुली रहिन्छ । ज्ञानको ज्योतिले यो कुरा देखेपछि मोहमा पर्नु पर्दैन ।

त्यही बुद्धि त्यही आत्माको ज्ञानले विद्या र विनय सम्पन्नलाई ब्राह्मणलाई गाईलाई हात्तीलाई कुकुरलाई र चाण्डाललाई पनि सिपालुले समदृष्टि राख्न सक्छन् । यस्तो समान दृष्टिले धोका पाउने अवस्था ज्यादै थोरै मात्र हुन्छ किनभने कसैको पाप पनि कसैको पुण्य पनि ईश्वरले लिँदैन भने हामीले किन लिन पऱ्यो र ? यसैमा ईश्वर नजिक पुगिन्छ । यो संसारमा जत्ति पनि भोग गरिन्छ दुःखकै लागि हो किनभने प्रत्येक वस्तु र अवस्था एकै रुपमा रहँदैनन् । परिवर्तन भइरहन्छन् । त्यहाँ भुलेर केही फाइदा छैन । यो शरीर बित्नुभन्दा पहिले इच्छा अर्थात् काम वासना र रिसका वेग जसले रोक्न सक्छ त्यही नै सुखी हो । भित्रै सुखी भएपछि ज्योति प्राप्त हुँदै जान्छ । मनका शंका मेटिँदै जान्छ । सबै प्राणीको रक्षा गर्न मन लाग्दै जान्छ । बाहिरी संसारमा त्यो हिँडे पनि यही भित्रको प्रकाश पाउँदै जान्छ । यो संसारमा यज्ञ र तपस्याको फल त ईश्वरले भोग गर्ने हो किनभने ऊ महेश्वरै हो । मित्र नै हो । त्यसैको मात्र चिन्ता गरौं । अरु नहेरौं । शान्ति प्राप्त गरौं ।

*श्लोक २९ अध्याय ५*

# मैले देखेको अन्ठाउन्नौं विश्व सम्पदा :
# कोपनहेगेनको सामुद्रिक कन्या (मत्स्यगन्धा)

सुरेन्द्र ढकाल




डुंगा चढेर पनि सामुद्रिक कन्यालाई हेर्छन् पर्यटक



सामुद्रिक कन्या हेर्ने पर्यटकको घुइँचो



हमलापश्चात् सामुद्रिक कन्याको हात गुमेको अवस्था



सामुद्रिक कन्याको मूर्तिको मर्मतको क्षण




सामुद्रिक कन्यालाई राखी बनाइएको सिक्का



कोपनहेगेन बन्दरगाहमा सुरेन्द्र सन् १९८९ मा

HMS भिक्ट्री जहाज अवलोकन गरेपश्चात् हामी जर्मनी फर्कने क्रममा डोभरतर्फ लाग्यौं । डोभरबाट कालेइ हुँदै जर्मनीको किल पुगेर अन्तमा हामी फ्रान्कफर्ट आइपुग्यौं । मेरी महिला मित्रले मलाई त्यहीं छाडी उनी आफ्नो घर स्पायरतर्फ लागिन् । म भने वर्षा विदा नसकिएको कारण डेनमार्क, स्वेडेन फिनलैण्ड र नर्वे घुम्ने विचारले १५ दिने युरेल टिकट काटी उही दिन बेलुकाको रेल चढी लागें डेनमार्कको राजधानी कोपनहागेनतर्फ । बिहान कोपनहागेन पुगेपछि त्यहाँ रेल्वे स्टेसनको पर्यटन सूचना केन्द्रमा गएर कोपनहेगेनमा अवलोकन गर्न लायक कुरा के छ भनेर सोध्दा त्यहाँको समुद्रको किनार लान्गोलिनीमा रहेको चट्टानमाथिको सामुद्रिक कन्याको मूर्ति भन्ने थाहा पाइयो । रेलवे स्टेसनमा रहेको शौचालयमा बिहानको कार्य सकी अनि केही नास्ता गरी हातमा कोपनहेगेनको सहरी नक्सा लिएर लागेँ कोपनहेगेनको बन्दरगाहको किनारै किनारै लान्गोलिनी समुद्रतटतर्फ ।

एक घन्टा हिँडिसकेपछि म त्यो मूर्ति भएको सामुद्रिक तटमा पुगेँ । त्यहाँ एक ठूलो चट्टानमाथि ती सामुद्रिक कन्याको धातुको मूर्ति अड्याइएको रहेछ । यो १ दशमलव २५ मिटर अग्लो अनि १७५ किलो तौल भएको ढलौटको मूर्ति एडभार्ड एरि कसनले बनाएका रहेछन् । यो मूर्ति बनाउँदा कस्को नांगो शरीरलाई आधार बनाइ सो अनुरुप दुरुस्त बनाउने भन्ने विषय उठान हुँदा त्यतिखेरको डेनमार्ककी प्रख्यात नर्तकी एलेन प्राइसको शरीरलाई हेरेर बनाउने निर्णय भएकोमा उनले मूर्तिकारको अगाडि नांगो हुन नमानेपछि मूर्तिकारकी आफ्नै श्रीमती एलिन एरिकसनको नांगो शरीरलाई हेरेर डेनमार्कका लेखक हान्स क्रिश्चियान आण्डरसनले लेखेको परिको कथामा वर्णन गरे अनुरुप बनाइएको रहेछ । सन् १९१३ मा यो मूर्ति बनाइ चट्टानमाथि अडाएपछि पछिल्ला समयमा यो ठाउँ कोपनहेगेनको मुख्य पर्यटकस्थल बन्न पुगेको रहेछ । कोपनहेगेनको तटमा यो मूर्ति बनाइ सजाएपछि युरोपका अन्य समुद्री तटका सहरहरु विशेष गरी ब्रसेल्स, न्युयोर्क, रियो द जेनारियो र सिंगापुरमा पनि यस्तै मुर्ति बन्न पुगेको रहेछ । पछि एसिया, युरोप अनि अमेरिकी महाद्विपका अन्य समुद्रतटीय सहरहरुमा पनि यो मूर्तिको दुरुस्तै प्रति बनाइराख्ने कार्य गरिएको रहेछ ।

यो मूर्ति बनाइ कोपनहेगेनको समुद्री तटमा राखेपछि कट्टरपन्थीहरुले बारम्बार यस मूर्तिमाथि आक्रमण गर्ने गरेका रहेछन् । सन् १९६४ को अप्रिल १४ मा योरगन नासको नेतृत्वमा भएको हुलदंगाले यस मूर्तिको टाउको निकालेर गायब गरेपछि नयाँ टाउको बनाइ जडिएको रहेछ । त्यसै गरी सन् १९८४ को जुलाई २२ मा भएको हुलदंगाले यस मूर्तिको दाहिने हात काटेर मिल्काएकोमा दुई दिनपश्चात् फेला परी पुनः जडान गरिएको रहेछ । आधा घन्टा जति सो समुद्री तटमा बसी म पुनः कोपनहेगेनको मुख्य शहरी केन्द्रतर्फ फर्कें ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

मनसुन

## जोसेफ स्टालिन–१२

**दोस्रो**–सोभियत रूसको समाजवादी विकासक्रममा ऐतिहासिक भौतिकवादी सिद्धान्त बुझ्न नसक्नु ।

'द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद'को सिद्धान्त प्रतिपादन गर्ने दार्शनिक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स हुन् ।यसलाई लेनिनले एक कदम अगाडि बढाए ।यसैले मार्क्सवादमा लेनिनवाद जोडियो ।स्टालिनले मार्क्सवादी, लेनिनवादीदर्शनलाई व्यवहारतः सिद्ध,सरलीकृत र सुसङ्गठित गरे ।'द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद' यसको एउटा सुन्दरतम नमुना हो ।तर स्टालिन महान् भौतिकवादी दर्शनका ज्ञाता हुँदाहुँदै पनि सोभियत समाजवादी समाजको विकासक्रममा उनले ऐतिहासिक भौतिकवादी सिद्धान्त व्यवहारमा लागू गर्न सकेनन् । स्टालिनको जीवनमा यो अर्को गम्भीर ऐतिहासिक गल्ती थियो । वास्तवमा सोभियत सङ्घका २० करोड जनतालाई मार्गदर्शन गर्ने गम्भीर सवालमा स्टालिनजस्तो बोल्सेभिकको शिर्षस्थ नेतृत्वलाई समेत सम्बन्धित विषयमा अनुभूतिसमेत नहुनु समाजवादी रूसको सामाजिक ढाँचा निकट भविष्यमै कायापलट हुने कुराको पूर्वाधार थियो ।

**त्यो कसरी ?**

मानवजातिको इतिहासमा भिन्न युगमा भिन्न स्थानका जनतामा शान्ति र सुव्यवस्थाकाभिन्न दर्शनहरू प्रतिपादन भए । उदाहरणका लागिझन्डै ८००० वर्षअगि हिन्दू दर्शन, ४००० वर्षअगि यहुदी दर्शन, २५०० वर्षअगि बौद्ध दर्शन, कन्फुसियस दर्शन, २००० वर्षअगि क्रिस्चियन दर्शन, १४०० वर्षअगि मुस्लिम दर्शन, ४०० वर्षअगि सिख दर्शन आदि । पछिल्लो समयमा प्रतिपादित भए पनि तुलनात्मक रूपमा समाजमा भिन्न र विशिष्ट स्थान ओगटेको दर्शन हो मार्क्सवाद ।यो दर्शनको जन्म आजभन्दा केवल १८० वर्षअगाडि मात्र युरोपमा भएको थियो ।

सबै दर्शनको मूल उद्देश्य मानव जातिमा शान्ति र सुव्यवस्था स्थापना हो तापनि मानव समाजलाई हेर्ने र फेर्ने सवालमा हरेक दर्शनका सैद्धान्तिक र व्यावहारिक विषयहरूमा आधारभूत भिन्नता छन् । त्यसैले हिन्दू, यहुदी, बौद्ध, क्रिस्चियन, मुस्लिम, सिख, कन्फुसियस आदि दर्शन अध्यात्मवादी खेमामा पर्छन् भने मार्क्सवादी दर्शन भौतिकवादी खेमामा । हजारौं वर्षअगि मानव समाजमा जन्मिएका सबै अध्यात्मवादी दर्शनहरू स्वर्ग र नर्क, पूर्वजन्म र पुनर्जन्म, धर्म र पाप, देव र दानवजस्ता कल्पित र असत्य कुराहरूको दुहाई दिँदै आज विश्वका निश्चित क्षेत्रहरूमा मात्र सीमित छन् । तर डेढ शताब्दीअगि मात्र जन्मिएको मार्क्सवादी दर्शनबाट प्रभावित मानव जातिचाहिँ विश्वका हरेकमहादेश, राष्ट्र, क्षेत्र, समाज, समुदाय, जाति, जनजाति, मत-सम्प्रदायमा फैलिएको छ । यसो हुनाको मूलकारण मार्क्सवादको ऐतिहासिक भौतिकवादी विचार हो । साँच्चिनै मार्क्सवादीहरूले एकताका विश्वको एकतिहाइ आवादी मुक्त गरी आफैले राज्यसत्ता सञ्चालनगरेका हुन् । तर इतिहासको नियम र समाज विकासको गतिपक्रन नसक्नाले अथवा मार्क्सवादलाई सिर्जनात्मक रूपले प्रयोग गर्दै जान दृष्टि नपुऱ्याउनाले ६३ वर्ष (१९१७–७६) पछि उनीहरूलेसबै ठाउँबाट हात धुनुपऱ्यो ।

*क्रमशः*

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारको लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

लागू औषधले लिन्छ ज्यान : समाजमा कठै रहँदैन पहिचान
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# फलको राजा "आँप" को महत्व

**संगीता रेग्मी**



फलहरूको राजा आँपलाई एक पटक चाखे पछि, त्यसको स्वाद लिन जो कोही पनि लालायित हुन्छ । यसलाई प्रचुर मात्रामा उत्पादन गर्न सकियो र विदेश निर्यात गर्न सकियो भने निश्चय पनि विदेशीहरू आँप खान पनि पल्किन्छन् र नेपाल आउनेछन् ।

पहेलो रंगको यो फल हेर्दैमा खाउँ खाउँ लागिहाल्छ । यसले शरीरमा तागत दिन्छ, प्यास मेटाउँछ र भोक पनि मेटाउँछ । प्राज्ञ ऐतिहासिक अभिलेख अनुसार भारतको रैथाने यस फलको खेती आज भन्दा २५- ३० लाख बर्ष अघि सर्वप्रथम भारतको उत्तर पूर्व राज्य, बंगलादेश, म्यानमार, नेपाल, पाकिस्तानमा गरिदै आएको पाइन्छ । फलको राजा भनिने आँपको वर्णन हिन्दू धर्मग्रन्थमा पनि यसका गुणबारे उल्लेख छ । हाम्रो शरीरका रोग प्रतिरोधक प्रणाली राम्रो हुनु राम्रो स्वस्थ्यको लागि आवश्यक मानिन्छ । आँपमा प्रशस्त मात्रामा पाइने भिटामिन-सी, भिटामिन-ए तथा २५ विभिन्न खाले कयारोटेन्वाइडसले हाम्रो रोग प्रतिरोधक प्रणालीलाई स्वस्थ्य राख्छ ।

**नेपालमा आँप**

आँपलाई फलको राजा भनेर पनि चिनिन्छ । आँप फलफूलहरू मध्ये सबैले मन पराउने फल हो । नेपालको उष्ण फलफूलहरू मध्ये आँप प्रमुख फल हो । आँपको फलमा भिटामिन ए, भिटामिन सी, प्रोटिन, कार्बोहाइड्रेड र खनिज पदार्थ पाइन्छ । आँप नेपालको एउटा महत्वपूर्ण वर्षे फल हो । नेपालको तराई, भित्रि मधेश र पहाडका वेसी, टार आदिमा आँपको खेती गरिन्छ । आँपको खेती गरिने प्रमुख जिल्लाहरूमा मोरङ्ग, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र चितवन हुन् । सप्तरी र सिरहा भने प्रमुख आँप उत्पादन गर्ने जिल्लाहरू हुन । जहाँबाट मुलुकको ३०-४० प्रतिशत आँप उत्पादन हुने गर्दछ ।

म्याङ्गीफेरा प्रजातिमा पर्ने यो आँप उष्ण हावापानी भएको स्थानमा तराई देखि पहाड ३००० फुट अर्थात करिब ९०० मिटरसम्म हुर्कने र यसको फल गुलियो/अमिलो हुन्छ । यसको रूख अत्यन्त उपयोगी, दीर्घजीवी र जात अनुसार मझौलादेखि विशाल हुन्छ ।

नेपालमा आँप खेती परापूर्वकाल देखि गरिदै आएको छ । पहिले पहिले आँपको कोयावाट बेर्ना तयार गरि बिरूवा रोपिन्थ्यो भने कलमी गरेको विरूवा रोप्ने चलन त्यति थिएन । २००४ सालमा कृषि विभागको स्थापना भई त्यसपछिको समयमा बागवानी फार्म/केन्द्रहरू तराई तथा पहाडमा खुल्दै गएपछि ती फार्म/केन्द्रवाट विभिन्न फलफूलका उन्नत जातको कलमी विरूवाहरू उत्पादन शुरू भएका हुन ।

**आँपको बजार**

हाल नेपालमा सिराहा, सप्तरी, सुनसरी, झापा, मोरङ्ग, उदयपुर, धनकुटा, सर्लाही, महोत्तरी, धनुषा, चितवन, बारा, पर्सा, रौतहट, कपिलवस्तु, रूपन्देही, नवलपरासी, बाँके, बर्दिया, सुर्खेत, दाङ, कैलाली, कञ्चनपुर र डडेलधुरामा आँप उत्पादन हुन्छ । पहिलेको तुलनामा आँपको उपभोगमा बृद्धि हुन थालेको साथै उत्पादकत्वमा पनि बृद्धि हुन थाले पछि कृषकहरूको आर्थिक स्रोत पनि वृद्धि हुँदै आएको छ । आँप खेती गर्दा आर्थिक उपार्जन त हुन्छ नै साथसाथै दिगो आर्थिक स्रोतलाई पनि यसले बढाबा दिन्छ ।

तराई, भित्री मधेश तथा मध्य पहाडको तल्लो क्षेत्रमा पकेट क्षेत्र विस्तार गरि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरि जुस र अचार एवं विभिन्न परिकार बनाई निर्यात गर्न सकेमा कृषकहरूले आर्थिक लाभ प्रसस्त लिन सक्ने सम्भावना धेरै छ । यस वर्ष धनुषासहित तराईका जिल्लामा यसवर्ष आँप उत्पादनमा वृद्धि भएको छ । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका- ५ महेन्द्रनगरका किसान रामदेव यादवले प्रायः यस पटक शुरूदेखि नै राम्रो फूल लागेको हुँदा गत वर्षभन्दा यसवर्ष आँप उत्पादनमा वृद्धि भएको बताउँछन् ।

मधेशमा माल्दह, बम्बे, कलकतिया, कृष्णभोग, दसहरी, केरबा, गुलाबखासजस्ता जातका आँप उत्पादन हुने गरेको छ । मधेशका सबै जिल्लामा ९० प्रतिशत खेती यी आँपको हुने गरेको छ । अघिल्लो वर्ष आँप उत्पादनका लागि मौसम अनुकूल नभएको र आँपमा लाग्ने मधुवा किटाणुका कारणसमेत उत्पादनमा कमी आएको थियो । पछिल्लो तथ्यांकअनुसार नेपालमा ४६ हजार चार सय ६९ हेक्टरमा आँप खेती हुन्छ । त्यसमध्ये ३८ हजार तीन सय ५२ हेक्टरमा आँपको प्रचुर मात्रामा उत्पादन हुन्छ । बजारमा अहिले बार्षिक २७ लाख ७८ हजार चार सय ७८ मेट्रिक टन आँपको खपत भइरहेको छ । नेपालबाट १२ लाख २३ हजार सात सय ६८ किलो आँप भारतलगायतमा मुलुकमा निर्यातसमेत भइरहेको छ ।

सरकारी तथ्याङ्कअनुसार सबैभन्दा बढी सप्तरी र सिराहा जिल्लामा आँप उत्पादन हुन्छ । सप्तरीमा पाँच हजार हेक्टरबाट ३५ हजार मेट्रिक टन र सिराहामा पाँच हजार हेक्टरबाट २० हजार मेट्रिक टन उत्पादन हुन्छ । त्यसपछि महोत्तरी, कपिलवस्तु, धनुषा, सर्लाही र रौतहटलगायत ७० वटा जिल्लामा उत्पादन हुन्छ ।जिल्ला कृषि विकास कार्यालय धनुषाले पनि यसवर्ष मौसम अनुकूल भएकाले आँप उत्पादनमा वृद्धि भएको जनाएको छ । धनुषामा आर्थिक वर्ष २०७३/७४ मा कूल तीन हजार २३८ हेक्टरमा जग्गामा आँप खेती गरिएकोमा एक दशमलव नौ मेट्रिकटन प्रतिहेक्टरका हिसाबले कूल चार हजार ३७१ मेट्रिकटन आँप उत्पादन भएको थियो भने चालु आर्थिक वर्षमा तीन हजार ३६६ हेक्टर जग्गामा आँपको खेती भएको हो ।

धनुषामा मात्र यसवर्ष १३ मेट्रिकटन प्रति हेक्टरको हिसाबले जिल्लामा ३० हजार ६५८ मेट्रिकटन आँप उत्पादन भएको छ । आँपमा नेपाललाई आत्मनिर्भर हुन ६१ लाख ९३ हजार मेट्रिक टन उत्पादन गर्नुपर्ने अवस्था छ । आत्मनिर्भर बनाउन कृषि विकास मन्त्रालयले गत बर्षदेखि पाँच बर्षे कार्यक्रम पनि सुरू गरेको छ तर त्यसको प्रभावकारिता देखिएको छैन ।

आँप उत्पादन हुने उच्च तापक्रम आवश्यक पर्ने हुनाले यसको उत्पादन मुख्यतया मधेशका जिल्लामा हुने गरेको छ । स्थानीय उत्पादित आँपले उचित मूल्य नपाएको गुनासो किसानको छ । व्यापारीले बाहिर जिल्लाबाट आँप ल्याएर सस्तो मूल्यमा बिक्री गर्न थालेका कारण स्थानीयले उत्पादन गरेको आँपले उचित मूल्य पाउन नसकेको हो ।

**आँपको सांस्कृतिक पक्ष**

तराई-मधेशको अर्थतन्त्रको एउटा आधारका साथै सामाजिक-सांस्कृतिक प्रतीक पनि हो, आँप । गाउँघरमा गर्मी याममा मधेशीहरू आँपको बगैंचामा सुस्ताउन रूचाउँछन् । त्यसो गर्दा आँपको रखवाली पनि हुन्छ, शीतल छायाँ पनि मिल्छ । मधेशमा वैशाखदेखि विवाहको मौसम सुरू हुन्छ । यस्तो बेलामा बेहुलीलाई लिएर आम अर्थात आँप र महुवाको रूखको पूजा गरिन्छ जसलाई 'आमोब्याह' भनिन्छ । यो परम्परा र विधिले आँपको सांस्कृतिक पक्ष उजागर गर्छ । आँप हाम्रो सभ्यता र संस्कृतिको प्रतीक पनि हो । मिथिलाको वैवाहिक संस्कारमा आम्र (आँप) को वृक्षको पूजा गरिन्छ । पूजाका साथै कलशमा आम्र पल्लव राख्नु अत्यन्त शुभ मानिन्छ । यस्तै, हवन र यज्ञमा आँपको सानो दाउरा प्रयोग गरिन्छ । तुलसीदासले जुन भूतको सिद्धि गर्नु भएको थियो, त्यो आँपकै वृक्ष रहेको बताइन्छ । यस्तै आँपको विषयमा अनेक लोक कथाहरू पनि पाइन्छ ।

विशेषज्ञहरूका अनुसार आँपको उत्पत्ति मलय प्रायद्वीपमा भएको हो । एक लोककथाअनुसार भगवान हनुमानले रावणको बगैंचामा आँपको बोटको बिऊ लिएका थिए । अंग्रेजी शब्द 'मैंगो' अर्थात आँप भारतको तमिल शब्द 'मैन-के' वा 'मैन-गे' बाट बनेको हो । यद्यपी नेपाली, मैथिली, हिन्दी आदि भाषामा आँप शब्द संस्कृतको आम्र शब्दबाट आएको हो । केही विशेषज्ञहरूका अनुसार आँपको उत्पत्ति इन्डो-बर्मा क्षेत्रमा भएको हो । यसकारण यस क्षेत्रको महाकाव्य, धार्मिक कार्य र लोककथाहरूमा आँपको उल्लेख प्रचुरताले गरिएको छ ।

महाभारत र रामायणमा पनि आँपको उल्लेख धेरै पटक गरिएको छ । यसकारण आँपको वृक्ष, फल र पातलाई मिथिलाको मात्र होइन, नेपाली संस्कृतिमा पवित्र स्थान प्राप्त छ । आँपको विषयमा अनेक धार्मिक उपाख्यानहरूको चर्चा पनि धार्मिक ग्रन्थहरूमा पाइन्छ । राधा-कृष्णको प्रणय लीला, शिव-पार्वतीको विवाह आँपकै वृक्ष मुनि भएको किम्बदन्ती छ । भगवान गौतम बुद्धले आँपकै वृक्ष मुनि विश्राम गरेको कथाहरू पाइन्छ । बौद्ध मूर्तिकला र चित्रकलामा पनि आँपको वृक्षको महत्वपूर्ण स्थान रहेको पाइन्छ ।

आँपको यस्तो प्रचुरता भएपनि हामी यसप्रति अझै अनुदार छौं । आँपको महत्वलाई फैलाउन यसको महोत्सव किन नगर्ने भन्ने प्रश्न आउनु अस्वभाविक होइन । मधेशमा अहिले पनि खास आँपकै लागि भनेर तोकिएको बगैंचाहरू छ जसलाई स्थानीय भाषामा आम गाछि भन्निछ । मधेशमा सामान्य र व्यवायायिक तवरका लागि लगाइएको आँपका फूलबारीहरू छन् । यिनको प्रवर्द्धनमा 'आँप महोत्सव' भने हुन सकेको छैन । जबकि, किसान र पर्यटनलाई लक्षित गरी यस्तो महोत्सव गर्नु जरूरी छ, जहाँ विभिन्न नाम र विशेषताका आँपहरूको प्रदर्शन मात्र होइन, दर्जनौं प्रकारका परिकार आँपकै फूलबारीमा पस्कन सकिन्छ । यसरी आँपको मौसममा मधेशलाई पर्यटकमय बनाएर अर्थतन्त्र बढाउन सकिन्छ । आँपको राजधानीका रूपमा रहेका सिरहा र सप्तरीमै समेत आँपको बहुआयामिक सम्भावना छ । अब स्थानीय र प्रान्तीय सरकारले यसमा ध्यान दिनुपर्छ ।

बांगा कविता

## खोया बिर्को खाथें हजुर



● प्रेम ओली (ढकलपुरे)

खोया बिर्को खाथैं हजुर
धरोधर्म
अलिकति चुस्स लाथैं हजुर
म त सोझो तमाङको छोरो
कसरी हजुरलाई ढाँट्थैं
अलिकति खोया बिर्को नलाको भए
यत्रो कुरो गर्न कसरी आउँथैं ?
म त महिला भनेपछि
घरमै पनि सलाम ठोक्छु
सानोतिनो गल्ती गरे पनि
श्रीमतीकै पनि खुट्टा ढोग्छु
खोया बिर्कोभन्दा नि अली अली
मार्सी भात नि लाग्या हो
त्यो भन्दा अलि धेरै त एकमना
सरकारको मात लाग्या हो
म महिला भक्ति हजुर
यो त त्यसै बात लाग्या हो
त्यो मोरो मार्सी भात खुवाउने पनि
अलि अलि सन्कायो
डा केसीको अन्सनले पनि कन्चड
रन्कायो
प्रधानमन्त्रीले किन क्यै नबोलेको
हाम्रा मन्त्री भनेपछि
झन् त्यसले झनक्क दिमाग
झन्कायो
थाहा छैन हजुर त्यो बेला के के भने
के के भा को हो
धरोधर्म आफूले अलिकति खोया
बिर्को लाको हो
यै खोया बिर्को लाग्या हो

आफू त लक्ष्मीदुर्गाको पूजा गर्ने
मान्छे हजुर
गल्ती गरेपछि त तु माफी माग्या
हो
आफू त लाटो सोझो तामाङ परियो
हजुर
खै यसरी कसले फसायो
बल्लबल्ल पाको कुर्सीबाट नराम्ररी
खसायो
भन्न त अर्कै खोज्या थैं हजुर, फुत्त
अर्कै आयो
थुतुनो र के सधैं रोकेस त भन्थे
हजुर बाले
आज त्यै रोक्न नसक्दा यत्रो दुःख
पायो
अब त्यो मार्सी भात खुवाउनेलाई
त्यसै कहाँ छोड्छु
भेटुँ त त्यो बजियालाई, त्यसका
सबै बङ्गारा नै तोड्छु ।

## आऊ हेर, दृष्टि लगाऊ


**प्रकाश चालिसे**



हेर,
आउ छाम, पत्ता लगाउ
ईश्वरको ठाम,
गर,
सक्दो प्रयास, राख किर्ती हजार,
देउ,
विशाल मनले, छाती भरिको माया
सहित निरन्तर,
सम्झ, सम्झाउ, चित्त बुझाउने गरेर,
कृपया हतासमा नआउ, स्वच्छ बन,
देखाउ दिल खोलेर,
उदाहरण बन, कर्तब्यमा नचुक,
अनि फेरि आउ तिम्रो दृष्टि बनाउ,
सबैलाइ दया दिएर !!

## आउने यिनै हुन्

**चट्याङ मास्टर**



चुनावै नगरे पनि आउने यिनै हुन्
भोटै खसाले पनि पाउने यिनै हुन्
यिनै थिए यिनै छन्, रहने यिनै हुन्
नेपाल र नेपाली सिध्याउने यिनै हुन्

पञ्चायत न ढल्दा जोगाउने यिनै थिए
प्रजातन्त्र भन्दै ढलाउने यिनै हुन्
अब लोकतन्त्र गणतन्त्र भन्दै
नेपाल र नेपाली सिध्याउने यिनै हुन्
कति हेर्नु नाटक देखाउने यिनै हुन्
नयाँ संबिधान रे ? हा हा हा !!! लेखाउने
यिनै हुन्
नेपालै बनाउने नयाँ फेरि भन्दै
भएकै जति सब सिध्याउने यिनै हुन्
शान्ति विकास न्याय कराउने यिनै हुन्
क्रान्ति, जुलुस, बन्द गराउने यिनै हुन्

हत्या डकैती लुटी देश
जनता
विदेशीलाई देश यो
चढाउने यिनै हुन्
अझै आस लाग्छ ? -
लोभ्याउने यिनै हुन्
तपाई हाम्रो टाउको चपाउने यिनै हुन्
मसानका यी बोक्सी मसानकै यी धामी
सबै जिउँदा लासलाई नचाउने यिनै हुन्
गरिराखौं पूजा विधाता यिनै हुन्
आशिर्वाद मागौं, दाता यिनै हुन्
चितामा ढलेका तपाई हाम्रा लासलाई
अब दागबत्ती चढाउने यिनै हुन्
यिनै थिए यिनै छन्,
रहने यिनै हुन्
नेपाल र नेपाली सिध्याउने यिनै हुन् ।

पर्यटन

# फेवातालमा नेपाली झण्डा देखिने

visit nepal 2020 Lifetime Experiences



फेवातालमा माछापुच्छ्रेको छायाँ र यसको बिम्बबारे केही प्रचार भए पनि यो अझै पर्यटकीय गन्तब्य बन्न सकिरहेको छैन । अब भने प्रदेश सरकारले यसलाई अझै विशेषता थपेर ब्रान्डिङ गर्दै पर्यटकीय आकर्षणको रुपमा विकास गर्ने भएको छ ।

पोखरा महानगरपालिकासँगको समन्वयमा प्रदेश सरकारले फेवाको माछापुच्छ्रे छायाँमा नेपाली झन्डा राखेर पर्यटकीय आकर्षण बढाउने योजना अगाडि सारेको हो । फेवातालमा माछापुच्छ्रे छायाँमाथि अब नेपाली झन्डा पनि देखिने गण्डकी सरकारका प्रवक्ता रामशरण बस्नेतले जानकारी दिए । सरकारले ड्यामसाइड पार्कलाई झन्डा पार्कको रुपमा विकास गर्ने योजना बनाएको छ । अहिलेसम्म फेवातालमा परेको माछापुच्छ्रे छायाँसँगै फोटो खिचेर जान सकिन्थ्यो भने अब फेवाको माछापुच्छ्रे छायाँमात्रै होइन नेपालको झन्डा पनि फोटोमा कैद हुनेछ । 'पोखरा नेपाल' लेखिएको नेपाली झन्डा पनि माछापुच्छ्रे छायाँसँगै देखाइने छ ।

एक करोड लगानी

झन्डा पार्कको रुपमा विकास गर्न एक सय मिटर अग्लो झन्डा त्यहाँ राखिने छ । र त्यो झन्डाको छायाँ माछापुच्छ्रेको शिरमा हुनेछ । झन्डा पार्क बनाउने योजनाका लागि पोखरा महानगरपालिका र प्रदेश सरकारले आधा(आधा खर्च व्यहोर्ने गरी एक करोड रुपैयाँ छुट्याइएको छ ।

'फेवातालमा देखिने माछापुच्छ्रे छायाँलाई थप आकर्षक र ब्रान्डिङ गरी बढीभन्दा बढी पर्यटक भित्राएर प्रदेशको समृद्धि हाँसिल गर्ने हाम्रो योजना हो,' सरकारका प्रवक्ता बस्नेतले भने, 'प्रदेश सरकारले समृद्धिको पहिलो आधार पर्यटनलाई नै मानेको छ ।'

पोखरा महानगरपालिकासँगको सहकार्यमा निर्माण हुने यो योजनालाई मन्त्रिपरिषदले पारित गरिसकेको छ । यो योजनाको सम्भाव्यता अध्ययन पनि भइसकेको छ । 'प्राविधिक अध्ययन र धेरै विचार गरेर यो योजना अगाडि सारेका हौं,' प्रवक्ता बस्नेतले भने, 'यो योजनाले पर्यटकीय महत्वका साथै राष्ट्रियताको पनि भावना जागृत गराउने छ ।'

झण्डा पार्कको निर्माण तथा झण्डा नै राख्दा पनि पर्यावरणलाई नबिग्रिने तरिकाले काम गरिने पोखरा महानगरपालिकाले जनाएको छ । पोखरा महानगरपालिकाले यसको टेन्डर आह्वानको तयारीसमेत गरिरहेको छ ।

धेरै पर्यटक भित्राउने लक्ष्य

प्रदेश सरकारले भएका पर्यटकीय गन्तव्यलाई थप परिस्कृत गर्ने, नयाँ पर्यटकीय गन्तव्यको पहिचान गर्ने र धरैभन्दा धेरै पर्यटक भित्राउने लक्ष्य राखेको छ । गण्डकी प्रदेश सरकारले पर्यटनलाई नै पहिलो समृद्धिको आधार मानेर नीति तथा कार्यक्रम र बजेट ल्याएको छ ।

नेपाल सरकारले सन् २०२० सम्ममा २० लाख पर्यटक भित्राउने लक्ष्य राखिरहँदा २०२२ भित्र गण्डकी सरकारले पनि सोही संख्यामै पर्यटक भित्राउने महत्वाकांक्षी लक्ष्य राखेको छ । प्रदेशको लक्ष्य प्राप्तिका लागि यस्तै पर्यटकीय गन्तव्य महत्वपूर्ण रहने प्रवक्ता बस्नेत बताउँछन् । त्योभन्दा अगाडि २०१९ लाई आन्तरिक पर्यटन वर्ष, २०२० लाई छिमेकी देशका पर्यटक आकर्षण वर्षका रुपमा मनाइँदै छ । त्यसका लागि नीति तथा कार्यक्रममार्फत नै जोड दिएको छ । पर्यटकलाई अतिथिको रुपमा सम्मान गर्न 'अतिथिदेवो भवः' अभियान निजी क्षेत्रको सहकार्यमा सञ्चालन गर्ने सरकारको योजना छ ।

## हार्दिक धन्यवाद

यस ग्रेटर नेपाल साप्ताहिकको २०७५ साल जेठ, आषाढ र श्रावण महिनाभित्र वार्षिक ग्राहक बनी, विज्ञापन उपलब्ध गराइ तथा अन्य सहयोग गरी राष्ट्रवाद संरक्षणको अभियानमा योगदान गर्ने निम्नानुसारका व्यक्ति तथा संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं :

(१) वालविकास समाज (२) संजय चौधरी (३) मधुसुदन विष्ट (४) नरेन्द्र वहादुर श्रेष्ठ (५) स्वर्णिम पथ वचत सहकारी (६)सिभिल बैंक लिमिटेड (७) एसओएस म्यानपावर (८) अग्नी कुमार श्रेष्ठ (९) रामस्नेही प्रसाद शाह (१०) सागर निधि तिवारी (११) सुष्मा बज्राचार्य (१२) मेकानिकल वर्कसप न्यूप्लाजा १३) डा. केपी शर्मा घिमिरे १४) अर्याल इन्टरनेशनल होटल १५) प्रकाश राज चालिसे १६) प्रकाश महर्जन १७) राधेश्याम थापा १८) केशव पौडेल १९) डा. त्रिविक्रम भट्टराइ २०) चन्द्रमान खड्गी २१) नेपाल सरकार सूचना विभाग २२) मिल्स अन ब्हिल्स

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

# आणविक बम हमलाको स्मरण



## विष्णु भट्टराई

दोस्रो विश्वयुद्ध चलिरहेको थियो । अमेरिका र जापान घमासान युद्ध लडिरहेका थिए । जापान लगभग हारको नजिक पुग्दै थियो । जर्मन तानाशाह हिटलर पनि सोभियत संघमा झम्टँदै थिए । सोभियत नेता जोसेफ स्टालिन हिटलरका सेनालाई परास्त गर्न दृढ संकल्पित थिए । ब्रिटेन र अमेरिका युद्ध जित्ने मुरादमा थिए । यही बेला महान वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले घोषणा गरे जससँग परमाणु बम हुनेछ उसैले युद्ध जित्नेछ । अमेरिकाले थाहा पायो कि आइन्स्टाइनले परमाणु बम बनाए छन् । अमेरिकाले आइन्टाइनबाट परमाणु बम फेला पर्‍यो । आइन्स्टाइन जर्मनी थिए । परमाणु बम हिटलरले नै पहिले प्राप्त गर्न सक्थे । तर आइन्स्टाइन यहुदी भएका कारण हिटलरले परमाणु बमबारे विश्वास गरेनन् । हिटलरले आफैंलाई सिध्याइदिने हुन् कि भन्ने डरले आइन्स्टाइन जर्मनबाटै पलायन भए । अमेरिकाका तत्कालीन राष्ट्रपति ट्रमेनले आइन्स्टाइनलाई पत्र लेखेर परमाणु बम अमेरिकालाई दिन आग्रह गरे । आइन्स्टाइनले परमाणु बम अमेरिकालाई दिए । तर उनले तत्कालै अमेरिकाले आफूले निर्माण गरेको बम पड्काउने छ भनेर सोचेका थिएनन् । अमेरिकी राष्ट्रपति ह्रुमेन जापानी शक्तिसँग डराइरहेका थिए । जापानलाई हराउन उनले परमाणु बम खसाउने आदेश दिए ।

अमेरिकाले जापानको हिरोसिमा र नागासाकीमा एटमबम पड्कायो । हजारौं मानिसहरुले ज्यान गुमाए । बमले प्रकृतिका सुन्दर संरचनाहरु समेत ध्वस्त भए । यो समाचारले एटम बमका जन्मदाता आइन्स्टाइन अत्यन्त दुःखी भए र भने- 'मैले मानव सभ्यताविरुद्ध भयंकर गल्ती गरेंछु । आजको दिनलाई ब्लाक डेका रुपमा इतिहासले स्मरण गर्नेछ । जब हिरोसिमा ध्वस्त भयो, मानव संहार मच्चियो । त्यसले विश्वलाई नै दुःखित बनायो । केही अमेरिकी पत्रकारहरु बिहानै ह्वाइट हाउस पुगे र राष्ट्रपति ट्रमेनलाई प्रश्न गरे, महामहिमज्यू, हिरोसिमामा नरसंहार भयो, के तपाईं राति निदाउन सक्नुभयो ? तपाईंलाई अणुबम पड्काउन आदेश दिएकोमा पछुतो लागेन ? राष्ट्रपति ट्रमेनले हाँस्दै जवाफ दिए- 'पत्रकार साथीहरु गए राति जस्तो मिठो निद्रा मलाई जीवनमा कहिल्यै लागेको थिएन ।'

जापानको हिरोसिमा सहरमा आजभन्दा ७३ वर्षअघि अमेरिकाले विश्वमै पहिलो पटक आणविक बम हमला गरेको थियो । ६ अगस्तका दिन हरेक वर्ष हिरोसिमाबासीले आणविक हमलाको स्मरण गर्छन् । सन् १९४५ को ६ अगस्तको दिन भएको नरसंहारले मानव सभ्यताकै मज्जाक उडाएको थियो । आणविक बम हमलापछि अमेरिकी राष्ट्रपति बाराक ओबामा सन् २०१६ को मेमा हिरोसिमा पुगेका थिए । हिरोसिमा पुग्ने उनी नै एकमात्र अमेरिकी राष्ट्रपति हुन् । वर्तमान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रमले अमेरिकाले आणविक हतियारहरु वृद्धि गर्ने बताइरहेका बेला विश्वले आणविक अस्त्रबिनाको विश्वको कामना गरेको छ । खरानीबाट उठेर जापानले विश्व अर्थतन्त्रको तेस्रो हैसियत बनाएको छ । दोस्रो विश्वयुद्धको उत्तरार्द्धतिर अमेरिकाले जापानका दुई सहर हिरोसिमामा ६ अगस्तमा र नागासाकीमा ९ अगस्तमा आणविक बम ब्लास्ट गराएको थियो । बम ब्लास्टपछिको कारुणिक परिदृश्य यस्तो थियो-

'मैले आफ्नै आँखाअगाडि दशहजार फिट अग्लो आगोको मुस्लो देखेँ । जुन धरतीबाट उडेर आकाशतर्फ बेसुरसँग दौडिरहेको उल्का जस्तै देखिन्थ्यो । हेर्दाहेर्दै त्यो आगोको मुस्लो ठूलो च्याउजस्तै हुँदै ४५ हजार फिटको उचाइसम्म पुग्यो । आकाशमा अब आगोको ज्वालाबाट बनेको विशाल च्याउजस्तै शिखरहरु थिए । त्यसबाट आगोका लप्काहरु खसिरहेका थिए ।'

*अमेरिकी पत्रकार विलियम लरेन्स (प्रत्यक्षदर्शी)*

'ड्वाङ आवाज आएपछि मैले जमिनमा जतासुकै पहेंलो र निलो प्रकाश फैलिएको देखेँ । हस्पिटलतिर हेरेको त हस्पिटलका भवनहरु ड्याम ड्याम जमिनमा लडिरहेको देखेँ । चारैतिरबाट ठूलठूला आवाज आउन थाले । आगोको रापले मेरो शरीर पनि जल्न थाल्यो र भुइमा लडीबुडी गरेर आगो निभाएँ तर ढाडको छाला खुइलिसकेको थियो । सहरमा पूरै हाहाकार मच्चिरहेको थियो । हस्पिटलका जवान, डाक्टर र नर्स सबै मुर्छा भइसकेका थिएँ ।'

*इयची साकागासी (आर्मी हस्पिटल, हिरोसिमा)*

'प्यारासुट विस्तारै तल झरिरहेको थियो । एकैछिनमा आँखा नै तिर्मिराउने खालको बिजुली चम्कियो । म भुइँमा पछारिएँ । आकाशमा अन्धकार बादल छायो । धेरै ठूलो आवाजले घरका सम्पूर्ण झ्यालढोकाहरु चकनाचुर भए । बाहिर कालो वर्षा हुन थाल्यो । पछि यो थाहा पाएँ प्यारासुट त विनाशकारी बम पो रहेछ ।'

*इजुमी इजुहिरी (बम आक्रमणबाट बाँचेकी जापानी महिला)*

उषाकालीन समय । जापानको सुन्दर सहर हिरोसिमाको आकाश पूरै सफा थियो । बादलका टाटाहरु पनि देखिँदैनथे । सूर्यको किरणसँगै चराहरुको चिर्बिराहटले वातावरण मनमोहक थियो । निद्रादेवीको प्यारो काखबाट भर्खर ब्युँझिएका मानिसहरु उज्यालो दिनसँगै नित्य कर्ममा जुटिरहेका थिए । सधैंझैं आज पनि हरेक मान्छे आआफ्नो दिनचर्याको प्रस्थानबिन्दुतर्फ लम्किरहेका थिए । कसले सोचेको थियो र एकैछिनमा हिरोसिमा आगोका लप्काहरुसँगै खण्डहरमा परिणत हुँदैछ भनेर । बमको धूवाँमा निसासिएर आगोको लप्काले भतभती पोलेर पानी पानी भन्दै मान्छेहरु छटपटाउने छन्, यस्तो कहालिलाग्दो दृश्यको कल्पना



कसले गरेको थियो र ?


घटना अशोचनीय र अकल्पनीय थियो । सन् १९४५ अगस्त तारिख बिहान ७.०९ बजे साइरन बनाउँदै 'बी २९' नामक अमेरिकी बम वर्षक विमान एक्कासि हिरोसिमाको आकाशमा देखियो । सो विमानले कुनै पनि बेला हिरोसिमामा बम बर्षाउन सक्ने समाचार रेडियोले प्रसारण गर्दै हिरोसिमाबासीलाई सतर्क गरायो । उक्त विमानले एक चक्कर लगायो आकाशमा र पुनः फर्कियो ।

हिरोसीमाबासीले रेडियोको समाचारको पनि त्यत्ति विश्वास गरेनन् । केही समयपछि चुकेगु जिल्लाको मुख्य सैनिक इलाकाबाट अब हिरोसीमा खतरामुक्त भएको छ सबैजना आआफ्नो काममा लागे हुन्छ भन्ने सूचना प्रवाहित गरियो । हिरोसिमाका बासिन्दा सन्त्रासमुक्त मुद्रामा हर्षित हुँदै आआफ्ना धन्दामा जुटे । विद्यार्थीहरु विद्यालयतर्फ कृषकहरु खेततर्फ मजदुरहरु कारखानातर्फ र कर्मचारीहरु कार्यालयतर्फ लागे । नातेदारहरु आफन्तसँग भेटघाटमा लागे । सडकमा रेलगाडी, मोटरगाडी, स्कुटर र साइकलहरु दौडिन लागे । सबै मान्छेहरु पूर्ववत आफ्नो काममा व्यस्त भए ।

रेडियोले खतरामुक्तको सूचना प्रसारण गरेको एक घन्टा मात्र के बितेको थियो अर्थात् ८.१५ बजे अचानक निलो र सफा गगनमा तीनवटा विमान विचलन हुन थाले । तीन विमानमध्ये एनोला गे नामको विमानबाट एउटा प्यारासुट झरेको दृश्य देखियो । उक्त प्यारासुटमा विभिन्न रंगले सजिएको एउटा गोलो वस्तु झुन्डिरहेको थियो । नानीहरु प्यार ासुटतिर हेरेर रमाउन थाले । प्रायशः मानिसको नजर त्यही प्यारासुटतिरै केन्द्रित थियो । स्कुलेहरुले प्यारासुट प्यारासुट भनेर कराएको आवाज सुनेर सहरबासीहरु पनि घरको झ्याल खोलेर यो बिल्कुलै नवीनतम दृश्यको अवलोकन गर्न थाले । हेल्लो शत्रुका तीनवटा ठूला विमान अहिले सेजो नगरको पश्चिम आकाशमा उडिरहेका छन् । तिनीहरु हिरोसिमातिर बढिरहेकाले पूर्व सावधान हुनु । सैनिक इलाकाबाट रेडियो स्टेशनमा तुरुन्त फोन आयो । यो खबर रेडियोबाट लगत्तै प्रसारण पनि गरियो । प्रसारण पूरा हुन नपाउँदै आकाशबाट ड्वाङ भयानक आवाज आयो । रेडियो एक्कासी बन्द भयो । मानिसहरुले के भयो भनेर अनुमान पनि गर्न सकेनन् । रेडियो स्टेसन विमानबाट प्यारासुटमा खसालिएको गोले रंगीचंगी डल्लो अर्थात् लिटर ब्वाय नामको एटम बमले क्षतविक्षत भइसकेको थियो ।

५ सय ८० मिटर माथि नै उक्त बम बेजोडले पड्किएर त्यहाँबाट आगोको ज्वाला निस्कियो । सुन्दर हिरोसिमा नगरलाई एकैछिनमा भष्म बनाइदियो । २८





सेकेन्डसम्म त पूरै सहर आगोमय र रातै भएको देखियो । चारैतिर यति तातो फैलियो कि मानौं आकाशबाट हिरोसिमा प्रज्ज्वलित सूर्य नै खस्यो । त्यतिखेर त्यहाँको तापक्रम ५ हजारदेखि ६ हजार डिग्री सेल्सियससम्म पुग्यो । १ मिनेटमै १४ वर्गकिलोमिटर क्षेत्र जलेर ध्वस्त भयो । सहरका ठूला भवनहरु, कलकारखानाहरु र ऐतिहासिक स्मारकहरु हेर्दाहेर्दै खरानी भए । बाटोमा हिँडिरहेका मोटरगाडी, रेलगाडी र मानिसहरुलाई आगोको ज्वालाले हुत्याएर टाढाटाढासम्म छरियो । असहृयनीय तातोले मान्छेहरु, पशुपक्षी र अन्य वस्तुहरु धूवाँ बाफ र खरानीमा परिणत भए ।

सो बमबाट तत्कालै एक लाख नागरिकको मृत्यु भएको थियो । साथै उक्त बमको असरका कारण सो वर्षको डिसेम्बर महिनासम्ममा १ लाख ४४ हजार नागरिकको ज्यान गएको थियो । तर अधिकारीहरुले उक्त समयमा हजारौं नागरिक हराएकाले त्योभन्दा बढीको मृत्यु भएको अनुमान गरेका छन् ।

दोस्रो विश्वयुद्धको अन्त्यतिर भएको सो घटनाको तीन दिनपछि पुनः अर्थात् अगस्ट ९ तारिखमा जापानको अर्को सहर नागासाकीमा पनि अमेरिकाले नै बम खसालेको थियो । उक्त बम हमलामा परी ७० हजार नागरिकको ज्यान गएको थियो । दोस्रो विश्वयुद्धमा जापान र अमेरिका दुई प्रतिद्वन्द्वी राष्ट्र थिए । सन् १९४१ देखि १९४५ सम्म दोस्रो विश्वयुद्ध भएको थियो । यी दुई हमलापछि जापानले अमेरिकासँग आत्मसमर्पण गरेको थियो । त्यसलगत्तै दोस्रो विश्वयुद्धको अन्त्य भएको थियो । यो आक्रमणसँगै अमेरिका विश्वको ठूलो शक्तिको रुपमा उदाएको हो ।

सबै डढेर काला ठुटाझैं देखिए । 'आगोले पोल्यो बचाऊ बचाऊ' पानी पानी, म पानी पिउँछु' भन्दै मानिसहरु चिच्याएर यत्रतत्र दौडिन थाले । पोलेको शरीरलाई चिस्याउन भौतारिँदै खोलामा डुबेका मानिसहरु धेरैजसोलाई खोलाले नै बगायो, खोलाको पानी पनि अत्यधिक तातेर भकभक उम्लिरहेको थियो ।

डढेका वस्तु, रक्ताम्मे लासहरु नदीमा बग्न थाले । खोला, पोखरीका माछा गोहीहरु पानीबाट उफ्रिन खोज्दै किनारमा पछारिएर भटाभट मर्न थाले । मान्छेहरु विरुप देखिए । कसैको हात चुँडिए त कसैको गर्धन । शरीरका विभिन्न अंगहरु उछिट्टिएर टाढाटाढासम्म पुगेका थिए । पग्लिएको सिसा र अन्य धातुमा मान्छेका अंगहरु टाँसिएका थिए । केही समयमै बाक्लो बादल र धूवाँले सूर्यलाई ढपक्कै ढाकिदियो ।

सर्वत्र दिउँसै अन्धकार छायो । हावाको भूमरी उठ्यो अनि मुसलधारे रेडियोधर्मी वर्षा सुरु भयो । कालो हिलोझैं बर्सिएको अत्यन्त चिसोपानी यो पानीमा पर्नेहरु सबै काला बन्न पुगे । विकिरणका कारण उनीहरु तालुखुइले भए । जजसले बम खसेको दृश्य हेरे उनीहरु सबै अन्धा भए । तत्कालै मर्नेहरु त दुःखबाट बरु पार पाए । बम खसेको केन्द्रबाट १२ देखि १४ किलोमिटर टाढा बस्नेहरु अणुबमको विकिरणबाट जोगिन सकेनन् । उनीहरुमध्ये कतिको शरीरको बाहिरी भाग कालो भएर डढ्न पुग्यो । कत्तिको शरीरको छाला प्याजको बोक्राजस्तै उप्कियो । ज्यादा तातोका कारण मानिसले लगाएका लुगाको छाप नै शरीरमा बस्यो । कसैको लुगा शरीरमै जल्न थाले । रेडियो विकिरणले कयौंको यौनांग डढेर नष्ट हुँदा र कपाल समेत एउटै नरही झर्नाले आईमाई हो कि स्वास्नीमान्छे छुट्याउन गाह्रो भयो ।

बम विस्फोट भएको २० मिनेट पछाडि कालोबादलको मुस्लोले आकाश ढाक्यो र बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म लगातार कालो वर्षा भइरह्यो । हिरोसिमाको उत्तरको कावे क्षेत्र र पश्चिमको कोइ र तकासु क्षेत्रमा घनघोर वर्षा भयो । वर्षाको मात्रा दुई घण्टाभित्र ५० देखि १०० मिलिमिटरसम्म रह्यो । सल्किइरहेको आगो यो पानीले केही मत्थर त भयो हिलो र अलकत्रा जस्तो पानीको असर अझ भयानक बन्यो । बम विस्फोटबाट बाँचेकी मिचिकी यातातावे त्यस बेलाको क्षण सम्झिँदै भन्छिन्- घाइतेहरु समेत कमजोर भएका थिए कि, उनीहरुमा आफ्नो शरीरमा लागेका काला झिँगा समेत धपाउने शक्ति थिएन । बम वर्षापछि हिरोसिमामा ठूलाखाले काला झिँगाहरु असाध्य उत्पत्ति भए र छाला उप्किएका बिरामीको शरीरमा भन्किन थाले । कति मान्छेहरु बम पड्किएपछि हिजियामा पार्कमा भागेर ज्यान बचाउन सफल पनि भएका थिए । युजिना बन्दरगाहमा घाइतेहरुको भीड बढेको देखिन्थ्यो ।

*(एजेन्सीहरुको सहयोगमा)*

# रोचक संसार

## बिहेको हाटबजार



खाद्यान्न तथा उपभोग्य वस्तु किनबेच गर्नका लागि हाटबजार लाग्नु छ स्वभाविकै हो । तर चीनमा भने बिहे गर्नका लागि हाटबजार लाग्ने गर्दछ । सांघाइको पिपुल्स स्क्वाएरस्थित पिपुल्स पार्कमा केही वर्षदेखि एउटा अनौठो बिहे हाटबजार लाग्दै आएको छ । त्यो बजारमा बिहेका सामान होइन, बिहेको नाता अर्थात् जोडी उपलब्ध हुन्छ । सन् २००५ देखि यो हाटबजार लाग्दै आएको छ । हरेक शनिबार उक्त बजार लाग्ने गर्दछ । चाहे जाडो होस् वा गर्मी वा झरी जुनसुकै हालतमा बिहेको हाटबजार लागेकै हुन्छ ।


बिहेको हाटबजार ठ्याक्कै कसले शुरु गर्‍यो भन्ने बारेमा एउटा रोचक तथ्य छ । स्थानीय मानिसहरुले मर्निङ वाकमा गर्ने कुराकानीकै क्रममा हाटबजार सुरु भएको हो । स्मरणरहोस् पहिले पिपुल्स पार्कमा बिहान मर्निङ वाक गर्ने मानिसहरुको भीड हुन्थ्यो । मर्निङ वाक गर्न आएका अभिभावकहरु एक अर्कामा चिनजान गरी सँगै बसेर घरपरिवारको कुरा गर्दथे र आफ्ना बिहे गर्ने उमेर पुगेका छोराछोरीहरुको बारेमा पनि चर्चा गर्दथे ।

विस्तारै विस्तारै मानिसहरुले यो पार्कलाई बिहेवारीको कुरा गर्ने अनौपचारिक ठाउँको रुपमा प्रयोग गर्न थाले । जुन अहिले त वैवाहिक सम्बन्ध जोड्ने बजारको रुपमै विकास भएको छ । यो बजारमा मानिसहरु सडक किनारामै एउटा कागजको पानामा चिनियाँ भाषामा विवाह योग्य केटाकेटीको बायोडाटा लिएर बसेका हुन्छन् । त्यसमा केटा तथा केटीको उमेर, आम्दानी, अध्ययन, जन्मदिन तथा जन्मकुण्डली आदिका बारेमा पनि लेखिएको हुन्छ । यहाँबाट विवाह योग्य केटाकेटीका बायोडाटाहरु आफ्नो छोराछोरीका लागि उपयुक्त बर बधु खोज्नका बायोडाटा लैजान्छन् र चित्त बुझेमा बिहेको कुरा अघि बढाइन्छ ।

## बन्द हुँदै झरना

दक्षिण पश्चिम चीनमा एक गगनचुम्बी महलमा बनाइएको विश्वकै सबैभन्दा ठूलो मानव निर्मित झरना बन्द हुने भएको छ ।अत्यधिक खर्चका कारण झरना सञ्चालन गर्न अप्ठेरो भएसँगै बन्द गर्न लागिएको हो । यो झरनाले पर्यटकबाट हुने आम्दानीबाट यसको सञ्चालन खर्चसमेत उठाउन नसकेपछि यो सेतो हात्ती बन्दै गएको थियो । जसका कारण यो झरना अहिले चीनमा मजाकको विषय बन्ने गरेको छ । सौंच विचार नगरिकन गरिने कामको उदाहरण दिनुपर्दा मानिसहरुले उक्त झरनाको नाम लिने गरेका छन् ।

गुइयांग सहरमा बनेको १०८ मिटर अर्थात् ३५० फिट उचाइको टावरमा उक्त झरना रहेको छ । यो दुई वर्षअघि मात्र तयार भएको हो । त्यसयता यसलाई केवल ६ पटकसम्म मात्र सञ्चालन गरिएको छ । उक्त टावर निर्माण गरेको कम्पनीका अनुसार स्थानीय शुष्क वायुलाई ओसिलो बनाउनमासमेत झरनाले भूमिका खेल्ने विश्वास गरिएको थियो । तर, यो अग्लो टावरमा निरन्तर रुपमा टुप्पोमा पानी पुराएर झरना सञ्चालन गर्दा खर्च



अत्यधिक भएपछि झरना बन्द गर्ने निर्णयमा यसका मालिक पुगेका छन् ।

## ढुंगाका आँसु

मध्यपूर्वी देश यमनको एउटा गाउँमा बस्ने सादिया सलेह नामकी यी १६ वर्षे किशोरीले जब आँखाबाट आँसु निकाल्छिन् तब पानी होइन पत्थरका साना साना टुक्रा झर्दछ । जब उनी डाक्टरकोमा गएर आफ्नो समस्या बताउँदै रुन थाल्छिन् तब उनको आँखाबाट पत्थरी झर्दछन् । त्यो देख्दा डाक्टरहरु पनि अचम्ममा पर्दछन् । डाक्टरहरुले उनको आँखाबाट झरेका पत्थरीहरु जम्मा पारेर त्यसको परीक्षण पनि गरे । तर, रोग के हो भन्ने पत्ता



लागेन । स्थानीय बासिन्दाहरुले भने जादूमयी शक्तिका कारण किशोरीको आँखाबाट पत्थरी झर्ने गरेको दाबी गर्दछन् । कतिपयले चाहीं त्यो भयंकर महामारी भएको भन्दै त्रास फैलाउने प्रयास पनि गरेका छन्

## शंखेकिरा प्रतियोगिता

मान्छेको दौड प्रतियोगिता त सामान्य भयो । दुनियाँमा हात्ती, घोडा, उँट, साँढेलगायतको दौड प्रतियोगिता पनि



हुने गर्दछन् । तर यी सबैभन्दा निकै अलग दौड प्रतियोगिता बेलायतमा हुने गर्दछ । बेलायतमा यस्तो अनौठो दौड प्रतियोगिताको आयोजना गरिन्छ जहाँ शंखेकिराले भाग लिन्छन् । अनि विजेतालाई पुरस्कार पनि प्रदान गरिन्छ ।

सन् ६० को दशकदेखि नै बेलायतमा हरेक वर्ष विश्व शंखेकिरा दौड प्रतियोगिताको आयोजना हुँदै आएको छ । प्रतिस्पर्धामा विश्वभरका शंखेकिराले भाग लिन्छन् । रोयटर्सका अनुसार, यो वर्षको शंखेकिरा दौड प्रतियोगिता गत शनिबार आयोजना गरिएको छ । प्रतियोगितामा डेढ सयभन्दा धेरै शंखेकिराले भाग लिए । विजेता शंखेकिराले निकै अनौठो पुरस्कार पाए । पुरस्कार स्वरुप शंखेकिरालाई निकै मन पर्ने सलादका पातले भरिएको चाँदीको भाँडो टक्राइएको थियो ।

शंखेकिरा दौड प्रतियोगितामा योपटक लेरी नामको शंखेकिरा पहिलो भयो । यसले ३३ सेमी दूरी २ मिनेटमा पार गर्‍यो । लेरीको जितबाट उसकी मालिक्नी तारा बिसले निकै खुसी छिन् । खुसीयालीमा उनले लेरीलाई तीनवटा अंगुर इनाम दिइन् ।

## जहाजभित्रै हानाहान

इराक एयरवेजले आफ्ना दुईजना पाइलटलाई निलम्बन गरेको छ । आकाशमा ३७ हजार फिटमाथि जहाज उडाइरहेको बेलामा एक आपसमा मुक्कामुक्की गरेको आरोपमा ती दुई पाइलट निलम्बनमा परेका हुन् । समाचार अनुसार १ सय ५७ यात्रु बोकेर




इरानको मशादबाट इराकको बगदादका जाँदै गरेको विमानभित्र चालक दलका दुई पाइलट आपसमा झगडा गरी पिटापिटमै उत्रिएका हुन् ।

उक्त घटनाको अनुसन्धानका क्रममा विमानका सह-पाइलटले इराकी वायुमार्ग प्राधिकरणलाई पत्र लेख्दै उक्त विमानका पाइलटले एयर होस्टेजलाई आफ्नो लागि खाना ल्याउनबाट रोकेको दाबी गरेका छन् । आफुसँग अनुमति नलिइकन ककपिटमा खानेकुरा ल्याउन नपाइने भन्दै पाइलटले इयरहोस्टेजलाई रोकेको उनको भनाइ छ । पाइलटले टन्न खाएको तर आफ्नो लागि भने खानेकुरा नै ल्याउन नदिई उल्टै धकेलेर अपमानित गरेको जिकिर को-पाइलटले गरेका छन् । त्यसपछि को-पाइलट पनि प्रतिकारमा उत्रिए र दुईबीच हानाहान भएसँगै विमानभित्रका सुरक्षाकर्मीले नै हस्तक्षेप गर्नुपरेको बताइएको छ । आफूमाथि पाइलटले दुईपटक हातपात गरेपछि आत्मरक्षाका लागि प्रतिकार गरेको को-पाइलटको दाबी छ । आपसमा झगडा गरेपछि चालकहरुले विमानलाई सुरक्षित रुपमा वगदादमा अवतरण गराए । तर विमान अवतरण भैसकेपछि पनि उनीहरु आपसमा झगडा गर्दै थिए । इराकी एयरवेजले घटनाको पुष्टि गरेको छ । घटनाको अनुसन्धान भइरहेको र निलम्बित दुवै पाइलटमाथि छानविन चलिरहेको बताइएको छ । दोषी ठहर भएमा दुवै जनालाई आजीवन हवाई उडान प्रतिबन्ध समेत हुनसक्ने समाचारमा उल्लेख छ ।

## मरेको १० दिनपछि जन्मियो बच्चा



१० दिनअघि मरेकी महिलाको अन्त्येष्टिका लागि लैजाने क्रममा मानिसहरु तब अचम्ममा परे जब महिलाको लास राखिएको कफन खोलियो । दक्षिण अफ्रिकाको एक गाउँमा यस्तो घटना भएको छ । अन्त्येष्टिका लागि महिलाको शव लगिरहेका शवगृहका कर्मचारीहरुले मृतक महिलाको शव राखिएको कफन खोल्दा झसँग भए । कफनभित्र मृतक महिलाको शव त थियो नै उनले जन्माएको जीवित नवजात शिशु पनि थियो । ३३ वर्षकी नामभेलिसो नामासोन्तो म्योदी नामकी महिला ९ महिनाकी गर्भवती थिइन्, जतिबेला उनको मृत्यु भयो । आमाको मृत्यु भएपछि पेटको बच्चा पनि मर्दछ भन्ने सबैको अनुमान भयो र उनको अन्त्येष्टिको तयारी गरियो र पार्थिव सरीर परिवारलाई सुम्पिइयो ।

अन्त्येष्टिका क्रममा कफन खोलेर हेर्दा जब महिलाको मृतक सरीरसँगै ती महिलाले जन्माएको मृत अवस्थाको शिशु देख्दा त शवघरका कर्मचारीहरु अचम्ममा परे । महिलाको मृत्यु भैसकेपछि उनको शवलाई शवगृहमा राखिएको बेला उनको पेटमा रहेको बच्चा कफिनभित्रै आफै जन्मिएछ । यद्यपि शवगृह भित्रको चिसोका कारण बालक धेरै समय बाँचेनछ र कफिन भित्र मरेको रहेछ ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

# रुप सिंहको बदलिएको रुप

यो घटना त्यो बेलाको हो, जब भारत अंग्रेजको गुलाम थियो । ग्लालियरको भिक्टोरिया स्कुलमा एउटा किशोर छैटौं कक्षामा पढथ्यो । पढ्नुका साथसाथै ऊ खुब लगनले खेल्थ्यो । पढाइमा ऊ जति तेज थियो त्योभन्दा तेज ऊ खेल्नमा थियो । खेल्न पाएपछि ऊ संसार बिर्सिएर त्यसैमा तल्लिन हुन्थ्यो ।

त्यो स्कुलका प्रिन्सिपल एकजना अंग्रेज थिए । उनी अत्यन्तै रिसाहा र अनुशासनप्रिय हुँदाहुँदै पनि प्रतिभाका पारखी थिए । उनी आफ्ना विद्यार्थीको प्रतिभा पहिचान गरेर त्यसको उचित कदर गर्न कहिल्यै पछि पर्दैनथे ।

एकदिन उनको स्कुल छेउको घरबाट एकजना अंग्रेज सज्जन रिसले रातोपिरो भएर आए । उनी तीनै केटा जो खेल्न पाएपछि संसार बिर्सिन्थे, उसैका बारे ती अंग्रेज प्रिन्सिपलसँग गुनासो गर्न आएका थिए । रिसाउँदै उनले भने- 'हेर्नोस, प्रिन्सिपल सर, तपाईंको स्कुलको एउटा विद्यार्थीले हक्कीको बल यति जोडले हान्यो कि मेरो घरको पर्खाल नै चर्कियो । त्यस्तो उद्दण्ड विद्यार्थीलाई तपाईंले तत्काल विद्यालयबाट निष्काशन गर्नुपर्‍यो । त्यस्तो बदमास विद्यार्थीलाई स्कुलमा राखिराख्नु भयो भने भोलि अझै के के उपद्रव गर्ने हो । उनको उजुरी सुन्नासाथ प्रिन्सिपलले त्यस विद्यार्थीको विषयमा खोजबिन गरे । आखिर त्यस विद्यार्थीलाई उनको अगाडि ल्याइयो । प्रिन्सिपलले उनलाई देखेर मुस्कुराए । उसलाई कडा सजाय दिनुको साटो उनले त्यस विद्यार्थीको ढाड थपथपाउँदै उनलाई एउटा हकी र एउटा बल पुरस्कारका रुपमा दिएर थप उत्साहसाथ आफ्नो खेललाई निरन्तरता दिन होस्याए । बाल्यकालमा ती प्रिन्सिपलले जुन केटालाई प्रोत्साहन गरेका थिए, उनी पछि भारतीय हकी टिमका कप्तान रुप सिंहका रुपमा परिचित भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

आत्मविश्वासको कमीले काममा पछि परिनेछ । अर्थ अभावले पनि अलि सताउन सक्छ । आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । प्रयत्न गर्दा बोलीको प्रभावले काम बनाउन सकिनेछ । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुन सक्छ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम बिस्तारै बन्नेछन् ।

## बृष

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । तर खानपानको असावधानीले स्वास्थ्यमा समस्या आउन सक्छ । सोख तथा मनोरञ्जनमा अलमलिनाले आँटेका काममा बाधा हुन सक्छ ।

## मिथुन

घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होसियारीसाथ काममा जुट्नुहोला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ । बेहोसीले नोक्सान पुर्‍याउन सक्छ । नाम र दामका लागि आज गरिएको खर्च व्यर्थ हुने हुँदा सजग रहनुहोला । केही दौडधुप गर्नुपरे पनि पछिका लागि लगानी बढाउने समय छ । प्रयत्न गर्दा विदेशयात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ ।

## कर्कट

प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ । नयाँ काम प्रारम्भ हुनेछ भने मनग्गे आम्दानी बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ । विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । सहयोगीहरूको साथ पनि जुट्नेछ । मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ ।

## सिंह

तारिफयोग्य कामको चर्चा हुनेछ । उपलब्धिको स्रोत प्राप्त हुनुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेतले विशेष स्थान दिलाउन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर जुट्नेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा होला ।

## कन्या

अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्ता अलि पछि परिनेछ । नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला । कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । परिस्थितिवश अरूका काममा अमूल्य समय बित्नेछ । स्वार्थका लागि साइनो गाँस्नेहरूबाट सजग रहनुहोला ।

## तुला

अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । शुभचिन्तकहरू टाढिनेछन् भने काम बिग्रने भयले सताउनेछ । धेरै श्रम परे पनि लाभांश थोरै मिल्नेछ । कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला । अरूको मुख ताक्ने बानीले पछि परिनेछ । कमजोरीको फाइदा अरूले उठाउलान् । कूटनीतिक जालझेलको फन्दामा परिने योग रहेकाले सजग रहनुहोला ।

## वृश्चिक

मनोरञ्जनमा अलमलिँदा काममा पछि परिनेछ । समय अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले आफन्तसँग असमझदारी बढ्न सक्छ । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ । व्यावसायले यात्रा गराउन सक्छ । काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ ।

## धनु

पहिलेको सफलताले हौसला जगाउनेछ र पछिका लागि विशेष काममा जग बसाउने मौका छ । विभिन्न अवसर प्राप्त हुनेछन्, मनग्गे फाइदा उठाउन सकिनेछ । परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु र रोगबाट भने सजग रहनुपर्ला । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ ।

## मकर

अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ । अरूको भरपर्दा धोका हुन सक्छ । मिहिनेत गर्दा नतिजा सकारात्मक हुनेछ । प्रयत्न गरेका काम सम्पादन हुनेछन् । अभिभावक तथा शुभचिन्तकहरूले राम्रो साथ दिनेछन् । अध्ययनमा गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ । भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ ।

## कुम्भ

हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउला । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्ला । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ ।

## मीन

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार हातलागी होला । कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ । पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ ।

# नम्रता र दिनेशको "पानी बाराबार"

अभिनेत्री नम्रता श्रेष्ठलाई 'स्टार' बनाउने निर्देशक हुन् दिनेश राउत । नोभेम्बर रेन, क्लासिक र पर्व फिल्ममा उनले राउतको निर्देशनमा काम गरिसकेकी छन् । दुवैको लोभलाग्दो मित्रता छ । एकपछि अर्को प्रोजेक्ट यी दुईको टिमअप टुटेको छैन । हालैमा नम्रताले दिनेशको निर्देशनमा बनेको फिल्म 'प्रसाद' को छायांकन भ्याएकी छन् । यसमा उनको जोडी अभिनेता विपिन कार्कीसँग बाँधिएको छ । यसअघि राउतले निर्देशन गर्ने हरेक फिल्ममा नम्रता र आर्यनको जोडी हुने गर्थ्यो ।

'पर्व' मा राउतले नम्रताको जोडी कोसिस क्षेत्रीसँग बाँधेका थिए । एक फिल्म निर्माणको क्रममा आर्यन र दिनेशबीच असमझदारी हुँदा अचेल उनका हरेक प्रोजेक्टमा नम्रता दोहोरिए पनि आर्यन अट्न सकेका छैनन् ।

आर्यनसँग अहिले नम्रता र दिनेशको 'पानी बाराबार' रहेको सिनेवृतमा चर्चा छ । तर यो कुरा दुवै पक्ष स्विकार गर्दैनन् । आइतवार आर्यनको जन्मदिन थियो । सोही दिन फिल्म 'प्रसाद' को इन्डक्ल्याप कार्यक्रममा राखिएको थियो । सो कार्यक्रममा नम्रता र दिनेशमाथि आर्यनको विषयमा प्रश्न नउठ्ने त कुरै थिएन ।

## "कायरा" गीत सार्वजनिक

प्रदर्शनको चौंथो दिन अभिनेता आर्यन सिग्देल र अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह स्टारर फिल्म 'कायरा' को तेस्रो गीत सार्वजनिक भएको छ । बक्सअफिसमा सुखद कलेक्सन गरिरहेको फिल्मको 'रंग छ कहाँ ?...' बोलको गीतमा केतन क्षेत्रीको स्वर छ । अभिनेता आर्यन आफैंले लेखेको गीतमा कोशिश क्षेत्रीले संगीत भरेका छन् । गीतको भिडियोमा अभिनेता आर्यन ब्यान्डसहित प्रस्तुत छन् । गीतले पनि उनी फिल्ममा संगीतप्रेमी युवकको भूमिकामा रहेको सस्पेन्स खोल्छ । उनको घाँटीमा गितारको आटिफिसियल ट्याटु देख्न सकिन्छ । आर्यनले आफ्नो जन्मदिनको अवसरमा फिल्मको गीत इन्टरनेट रिलिज गरेका हुन् । फिल्म हेर्ने सोचमा रहेका दर्शकलाई यो गीतले थप कौतुहलता सृजना गर्ने उनको विश्वास छ ।

प्रदर्शनको दुई दिनमा करोड विजनेश गरेको यस फिल्मलाई दिनहुँ परिरहेको पानीले व्यापारमा असर गरेपनि दर्शकको संख्यामा वृद्धि भइरहेको वितरकको भनाई छ । फिल्मलाई राम्रो र नराम्रो कमेन्ट दुबै बराबरी छ । विशेषतः आर्यन र साम्राज्ञीका 'डाईहार्ट फ्यान' ले फिल्म इन्जोय गरेका छन् । यस फिल्मका निर्देशक लक्ष्मण रिजाल हुन् । आर्यनको होम प्रोडक्सनमा निर्मित उक्त फिल्ममा शिशिर राणा, हितेश शर्मा, मरिषा श्रेष्ठलगायतका कलाकारहरु पनि अभिनय छ ।

## "फूल होइन" गीतको भिडियो बजारमा

नायक प्रदिप खड्का र नायिका मिरुना मगरलाई फिचरिङ गरिएको चलचित्र 'रोजी' 'फूल होइन' बोलको रोमान्टिक गीतको भिडियो सार्वजनिक भएको छ । भदौ २२ गतेबाट रिलिज हुने चलचित्रको यो गीतमा प्रदिप र मिरुनाको केमेष्ट्री गज्जबले सुहाएको छ । चलचित्रमा परमिता आरएल राणाको पनि मुख्य भूमिका छ । निरक पौडेलले निर्देशन गरेको यो चलचित्रका प्रस्तुतकर्ता उद्धव पौडेल हुन् । चलचित्रमा आर्या पौडेल र आरोही केसीको लगानी छ । सार्वजनिक गीतमा प्रताप दास र प्रविशा अधिकारीको स्वर, एलिस कार्कीको संगीत, राजेश कुमार श्रेष्ठको शब्द छ । रोमान्टिक यो गीतको भिडियोलाई टर्कीको आकर्षक लोकेशनमा खिचिएको हो । राजुविक्रम थापाको छायांकन रहेको गीतको भिडियोलाई कविराज गहतराजले कोरियोग्राफी गरेका हुन् । मित्र डी गुरुङले चलचित्रको सम्पादन गरेका हुन् ।

## छायांकन नसकिंदै निर्माताकै ब्रेकअप

चलचित्र 'द ब्रेकअप' निर्माण अगाडिदेखि नै लफडामा परेको थियो । चलचित्रको छायांकन अगाडिदेखि नै लफडा पर्दा करिब १ बर्ष चलचित्रको छायांकन सुरु हुन सकेको थिएन । तर, चलचित्रको छायांकन जसोतसो सुरु भयो । नेपालमा छायांकन सकेर यसको निर्माणपक्ष अष्ट्रेलिया पनि पुग्यो । अष्ट्रेलियामा छायांकन सकेर नेपाल फर्किएपछि यसका निर्मातामध्येका एक रोहित अधिकारीले आफूले यसको निर्माणबाट हात झिकेको उल्लेख गरेका छन् । उनले फेसबुकमा स्टाटस लेख्दै भनेका छन्–'द ब्रेकअप'को निर्माणबाट रोहित अधिकारी फिल्मस् बाहिरिएको छ । अब चलचित्रको सम्पूर्ण कामहरु साझेदारी कम्पनी ह्याप्पी प्लानेटले गर्नेछ । चलचित्रको सम्पूर्ण पोष्टर तथा प्रचार सामाग्रीमा मेरो र कम्पनीको नाम उल्लेख नगरिदिनुहुन मिडियाकर्मीहरुलाई अनुरोध गर्दछु ।'रोहितले निर्देशक हेमराज वीसीसँगको असमझदारीका कारण आफूले चलचित्र छाडेको बताएका छन् । चलचित्रमा रोहित अधिकारी फिल्मस्ले गरेको लगानी फिर्ता गर्ने र ब्यानर हस्तान्तरण गर्ने काम भैरहेको रोहित अधिकारीले बताएका छन् ।

*(अनलाइनहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Overt = देखिने As per law one may be tried only for overt crime (कानून अनुसार देखिएको अपराधको लागि मात्र मुद्दा चलाउन मिल्छ)

Plasticity = खुम्च्याउन सकिने When clay dries out it loses its plasticity (जब माटो सुक्तछ यसले आफ्नो वंगिनसक्ने गुण हराउँछ)

Quay = जहाज अडाउने ठाउँ Because of the negligence on the part of the crews two ships crashed into the quay (चालक दलको लापरवाहीको कारणले गर्दा अडाउने ठाउँमा दुई जहाज एकअर्कासँग जुध्न पुगे)

Resonant = आवाजमा जोसिलो He always receives big applause when he appears in stage with with his resonant voice (आफ्नो जोसिलो आवाज लिएर जब ऊ स्टेजमा आउँछ उसले थपडीको ठूलो स्वागत पाउँछ)

Solicitious = चिन्तित Mostly the parents tend to very much solicitious about the performance of their studying children (बाबुआमाहरू विशेष गरी आफ्ना बच्चाबच्चीको पढाइको नतिजाबारे चिन्तित हुने गर्दछन् )

Turpitude = खराब आचरण Being guilty of moral turpitude, the immigration issued to the expatriate a notice to leave the country (खराब आचरणको कारण अध्यागमनले विदेशीलाई देश छाड्ने सूचना जारी गर्‍यो )

Unwitting = परिबन्दमा पर्नु Having known that she had become an unwitting tool of the swindlers, the police set her free (ठगहरूको परिबन्दमा परेर मात्रै तिनी फसेकी रहिछन् भन्ने थाहा पाएपछि प्रहरीले उनलाई मुक्त गरिदियो)

Volition = इच्छा On her own volition, she abandoned her patrimony (आफ्नै इच्छामा उनले पैत्रिक सम्पत्ति त्यागी दिइन्)

Wane = सानो हुँदै जानु When lit a candle wanes (वल्दै जांदा महिन झनझन सानो हुँदै जान्छ)

Ameliorate = सुधार्नु, झन् राम्रो बनाउनु Social workers always attempt to ameliorate the condition of the backward people सामाजिक कार्यकर्ताहरू सधैं पिछडिएको जातको स्थिति सुधार्ने प्रयास गर्दछन् ।

# सामान्य ज्ञान (प्रश्नोत्तर)

**केकेमनुक्च्यो रूपावासी र गडतिरे साहिला कसलाई भनिन्छ ?**
- बालकृष्ण पोखरेल

**नेपाली साहित्यको प्रथम मासिक पत्रिकाको नाम के हो र कहिले प्रकाशित भएको थियो ?**
- सुन्दरी, वि.सं. १९६३ असार

**मानिसको दिमाग कति तन्तुहरूबाट बनेको छ ?**
- २ करोड तन्तुहरू

**सबैभन्दा हल्का धातुको नाम के हो ?**
- लिथियम

**संसारको सबभन्दा सुखा स्थान कुन हो ?**
- अताकामा डिजर्ट

**क्याल्कुलेटिङ मेसिनका आविष्कारक को हुन् ?**
- ब्लेस पासल

**संसारको सबैभन्दा अग्लो बाँध कहाँ छ ?**
- रूस

**रवीन्द्रनाथ टैगोरद्वारा लिखित पुरस्कार प्राप्त गीताञ्जलीको नेपाली अनुवाद कसले गरेका हुन् ?**
- शंकरदेव पन्त

**विश्वमा कुन २ राष्ट्र छ जसले माघ १२ गतेलाई नयाँ वर्षको रूपमा मनाउँछन् ?**
- चीन र भियतनाम

**पूर्णविराम र कमाको प्रयोग सर्वप्रथम कसले गरेका हुन् ?**
- कोध्मर पँहरियाद

**पोल्यान्डको संसदलाई के भनिन्छ ?**
- सेज्म

**संयुक्त राष्ट्र संघको नामकरण गर्ने पहिलो व्यक्ति को हुन् ?**
- अमेरिकाका भूपू राष्ट्रपति फ्रेन्कलिन डी रूजबेल्ट

**नेपालमा बाल दिवस सर्वप्रथम कहिले मनाएको थियो ?**
- वि.सं. २०१६ फागुन १८

**नेपालको पहिलो उपन्यास कुन हो र त्यसका लेखक को हुन् ?**
- सुमति, विष्णुचरण श्रेष्ठ

# Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go on about something = केही कुरालाई अनावश्यक विषय वस्तु वनाउनु I know you smoke however I don't need to go on about it always तिमी धुम्रपान गर्छौ भन्ने मलाइ थाहा छ यद्यपि म यो कुरालाई सधै विषयवस्तु बनाउन आवश्यक ठान्दिन ।

Go on with something = केही कुरालाई निरन्तरता दिनु He paused telling, drank a glass of water and went on with same story उसले भन्ने कार्य रोक्यो, एक ग्लास पानी पियो अनि उही कथालाई निरन्तरता दियो ।

Go out = निस्कनु I can not simply go out because I have to look after my old parents म सजिलै निस्कन पाउँदिन किनकी मैलै वृद्ध बाबुआमाको हेरचाह गर्नुछ ।

Go out = हडताल गर्नु This week all the laborers go out to gain higher salary तलब वृद्धि होस् भन्दै यो हप्ता कामदारहरु हडताल गर्दैछन् ।

Go out = पठाउनु Do you know whether all the invitations have gone out ? सबै निम्ताहरु पठाइए वा पठाइएनन भन्ने कुरा तिमीलाई थाहा छ ?

Go out = प्रसारण गर्नु Second episode of this serial will go out neext week यो नाटकको दोस्रो खण्ड अर्को हप्ता प्रसारण हुनेछ ।

Go out = फैलनु Rumor of Prime Minister's resignation has gone out प्रधानमन्त्रीले राजीनामा दियो भन्ने हल्ला फैलिएको छ ।

Go out = निभ्नु After five days of continuous effort, the fire finally has gone out पाँच दिनको अथक परिश्रमपछि बल्ल आगो निभ्यो ।

Go out of something = प्रतिस्पर्धाबाट बाहिरिनु He went out of competition because of injury घाइते भएको कारण ऊ प्रतिस्पर्धाबाट बाहिरियो ।

Go out to = बसाइँ सर्नु My niece went out to England already 10 years ago दस वर्षअघि नै मेरी भतिजीले बेलायततिर बसाइँ सरेकी हुन् ।

## सुडोकु–अंक ११४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | | | | | | ३ | ५ |
| | | ३ | ४ | | १ | ६ | | |
| | ७ | | | | | | ८ | |
| | | | ६ | ७ | ८ | | | |
| | | ५ | | | | ७ | | |
| | | | ३ | ५ | ९ | | | |
| | ८ | | | | | | ४ | |
| | | ९ | ८ | | २ | ५ | | |
| ३ | ६ | | | | | | २ | ७ |

## अंक ११३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | २ | ३ | ६ | १ | ९ | ५ | ७ | ४ |
| ७ | ९ | ५ | ३ | २ | ४ | ६ | ८ | १ |
| ४ | १ | ६ | ५ | ८ | ७ | ९ | ३ | २ |
| ९ | ३ | १ | ४ | ६ | ८ | ७ | २ | ५ |
| ५ | ७ | ४ | ९ | ३ | २ | ८ | १ | ६ |
| ६ | ८ | २ | १ | ७ | ५ | ३ | ४ | ९ |
| ३ | ४ | ९ | ७ | ५ | १ | २ | ६ | ८ |
| २ | ५ | ७ | ८ | ४ | ६ | १ | ९ | ३ |
| १ | ६ | ८ | २ | ९ | ३ | ४ | ५ | ७ |

# बालबालिकालाई शैक्षिक सामग्री








## शैक्षिक सामग्री पाएपछि बालबालिका दंग

भक्तपुर । बाल विकास समाजले चाँगुनारायण नगरपालिका भित्रका ४ वटा विद्यालयमा अध्ययनरत ९० जना बालबालिकाहरूलाई शैक्षिक सामाग्री विवरण यहि मिति २०७५ श्रावण १४ सोमबारका दिन सम्पन्न गरेको छ । बाल विकास समाजले सुविधा विहिन, श्रम क्षेत्रमा रहेका बालबालिका, जोखिममा परेकास तथा पर्न सक्ने सम्भावित बालबालिकाहरूको लागि बाल संरक्षण, शिक्षा, जनचेतना, स्वास्थ्यका क्षेत्रमा विगत २७ वर्षदेखि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ ।

यसै कार्यलाई निरन्तरता दिदै बाल विकास समाजको ईट्टाभट्टामा श्रम गर्ने अभिभावकका छोराछोरी तथा भुकम्प प्रभावित ९० जना बालबालिकाहरूलाई वितरण गरिएको थियो । जसमा चाँगुनारायण नगरपालिका वडा नं. ८ सुडालमा रहेका महेन्द्रग्राम मा.वि. का ३८ जना सोहि वडामा रहेको पञ्चकन्या मा.वि. का ४० जना, वडा नं. ९ मा रहेको गणेश मा.वि. का २ जना र वडा नं. ३ मा रहेको श्री आजाद मा.वि. का १० जना गरी ९० जना बालबालिकाहरू रहेको थिए ।

कार्यक्रममा सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, वडा स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिका संयोजक, बालबालिका, अभिभावक, बालबालिका तथा बाल विकास समाजका कर्मचारीहरूको सहभागीता रहेको थियो । शैक्षिक सामाग्रीमा ब्याग, सर्ट तथा पाइन्टको कपडा, कापी, पेन्सिल, इरेजर, कटर, पाउन्टेन पेन, ज्यामिट्री बक्स, मसि रहेको थियो । जसमा कक्षागत हिसाबले शैक्षिक सामाग्री वितरण गरिएको थियो ।

कार्यक्रममा बाल विकास समाजको छोटो परियच दिदै यस शैक्षिक सामग्री वितरण किन गरेको, कसरी गरेको तथा कार्यक्रमको उदेश्य माथि प्रकाश समाजका कार्यक्रम व्यवस्थापक प्रयसा के.सी.ले सबै माझ जानकारी गराउनु भयो । कार्यक्रमको संचालन समाजका कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीले गर्नु भएको थियो । समाजका अनुगमन अधिकृत रविन्द्र रावलले शैक्षिक सामग्री विवरण गर्नु अघि प्रत्येक अभिभावकहरूलाई प्रतिवद्धता पत्रको बारेमा जानकारी गराउनु भयो ।

सो प्रतिवद्धता पत्रमा अभिभावकद्धारा आफ्ना छोराछोरीहरूलाई कुनै पनि श्रम क्षेत्रमा लगाउने तथा पठाउने छैन भन्ने रहेको छ । यस कार्यद्धारा अभिभावकहरूलाई एक प्रकारको दबाब परोस भन्ने उदेश्यले गरेको हो । साथै केसीले शैक्षिक सामाग्री प्राप्त बालबालिकाका अभिभावक, शिक्षक तथा स्वयम् बालबालिकालाई प्राप्त शैक्षिक सामग्रीहरूको सहि सदुपयोग गर्नको लागि अनुरोध गर्नु भयो । साच्चै यी छात्रवृत्ति प्राप्त बालबालिकाहरूका अभिभाकवहरूलाई आर्थिक भार कम भएको छ । यस सहयोगले विद्यार्थीमा पढाईमा प्रोत्सहान समेत मिलेको पाइयो ।

**प्रस्तुती : भरत थापा**



## घाटाको व्यापार...

नेपाली वस्तु विदेशी बजारमा पुगेको छ । यो घाटा सरकारले गएको आर्थिक वर्षमा विकास निर्माणदेखि चालु तथा वित्तीय व्यवस्थामा गरेको बजेटरी खर्चभन्दा ८९ अर्ब बढी हो । नेपालबाट विश्व बजारमा भएको व्यापारमध्ये ५७.४ प्रतिशत छिमेकी मुलुक भारतमा भएको थियो ।

## प्रोटोकल...

चीन भ्रमणका क्रममा व्यापार तथा पारवहन प्रोटोकलमा हस्ताक्षर भएपछि नेपालले चिनियाँ बन्दरगाहको प्रयोग गर्दै तेस्रो मुलुकसँग व्यापार गर्न सक्नेछ भने भारतसँगको पारवहन परनिर्भरता घट्ने अपेक्षा गरिएको छ ।

## संघीयताको...

विपक्षी दलहरु पाकिस्तानी पिपुल्स पार्टी र मुस्लिम लिग नवाजले खानको दललाई सेनाले धाँधली गरेर जिताएको आरोप लगाएका छन् । युरोपेली युनियन र राष्ट्रसंघका पर्यवेक्षकले समेत चुनावमा धाँधली भएको प्रतिवेदन तयार गरेका छन् । भनिँदैछ यो पिटिआईको जित होइन, सेनाको जित हो । सेनाको निर्देशनमा इमरान नचले त्यहाँ पुनः सैन्य कु हुने निश्चित छ । दक्षिण युरोपबाट भर्खरै संघीयतामा गएको पुरानो युगोस्लाभिया अहिले बोस्निया हर्जगोमिना अझै अशान्त छ । संघीयताकै कारण युगोस्लाभिया विश्व मानचित्रबाटै लोप भयो । मार्सल टिटो हुन्जेल विखण्डनबाट युगोस्लाभिया जोगिएको थियो । असंलग्न राष्ट्रहरुको नेतृत्व गरेको युगोस्लाभिया ६ वटा राज्यमा विभाजित भयो । माइक्रोनेसिया र सेन्ट किट्स नेभिस क्रमशः अष्ट्रेलिया र अमेरिकाको निर्देशनमा चलेका छन् ।

संघीयता भनेको सार्वभौमसत्ताको स्वरुपमा हुने परिवर्तन हो । यसको उद्देश्य समग्र मुलुकको द्रुततर गतिमा विकास गर्नु हो । युरोपका विभिन्न मुलुकहरु समेत मिलेर जिन मनेटले परिकल्पना गरेको र बनाइदिएको बाटोबाट युरोपेली युनियन गठन गरे, यो पनि एउटा संघीयताकै स्वरुप हो । सामर्थ्य, साधन र विकासका पूर्वाधारहरुका कमीले नेपालमा संघीयताले असमानताभित्रको असमानता बढाउँदै लगेको छ । पहिचान र क्षेत्रीय भूगोलको माग उठिरहेको छ । १ नं. प्रदेशलाई लिम्बुवान खम्बुवान प्रदेश माग गर्दै आन्दोलन भइरहेको छ । २ नं. प्रदेशलाई मधेस प्रदेश भन्ने कि मिथिला कोचंगल भइरहेको छ । नयाँ प्रदेशको मागमा पुनरुत्थान हुने हो कि भन्ने चिन्ता बढेको छ । १४ प्रदेशको सुरुको भारतीय संघीयता २९ प्रदेशमा पुग्दा समेत पूर्णता पाउन नसकेको दृष्टान्त छ । टाढा नाइजेरिया पुग्नै पर्दैन । नेपालको बनावट, अवस्थिति, साइज स्रोत साधन र जनजातीय बनावटले ७ प्रदेशको अहिलेको ढाँचा काम लाग्ने हो कि होइन कुनै टुंगो छैन ।

संघीयता सञ्चालनका लागि राज्यसँग स्रोत र साधन नै छैन । संघीयताका लागि विदेशी राष्ट्र एवं दातृ निकायसँग हारगुहार गर्न थालिएको छ । अर्थमन्त्री डा. युवराज खतिवडाले विश्व बैंकसँग कमाण्डलु थापिरहेका छन् । विश्व बैंकले नेपाललाई अढाई खर्ब सहायता पहिल्यै गरिसकेको छ भने एसियाली विकास बैंकले २ खर्ब ३४ अर्ब सहायता दिइसकेको छ । नेपाल संघीयतामा गइसकेपछिको नयाँ संरचनाका लागि विश्व बैंकले नेपाललाई सहायता रकम दोब्बर बढाइदिने भएको छ । पछिल्लो चार वर्षमा विश्व बैंकले १ खर्ब ४ अर्ब बराबरको ऋण र अनुदान सहयोग गरेको थियो । विश्व बैंकले तीन वर्ष अघिदेखि नेपाललाई अनुदान दिने छोडेको छ । नेपाललाई विश्व बैंकले गर्ने सहायता भनेको ऋण नै हो । ऋण लिएर कति समय टिकाउने संघीयता ? देशको अर्थतन्त्र रेमिट्यान्सले धानेको छ । व्यापारघाटाले देश थला परेको छ । अन्तरिम स्रोत साधनको परिचालनतर्फ केन्द्र र प्रदेश सरकारको कुनै चासो छैन । तेब्बर रुपमा स्थानीय कर वृद्धि गरेर जनताको ढाड सेकिँदैछ । महँगीले आकाश छोएको छ । विकास निर्माणका काम सबै ठप्प छन् । कर्मचारीतन्त्र संघीयताप्रति उदासीन छ । विदेशी ऋणको भार झन् बढ्दैछ । जनप्रतिनिधिहरु आफ्नै सेवा सुविधा बढाउनतर्फ उद्यत छन् । सरकारप्रति जनतामा घोर निराशा छाएको छ । विकासका निम्ति अंगिकार गरेको संघीयताले विनाश निम्त्याउने सम्भावना बढ्दैछ । विदेशीको शर्त स्वीकारेर आर्थिक सहयोग ल्याएर कतिन्जेल चलाउने संघीयता ?

## क्यान्सरपीडित...

हुनाले सम्पूर्ण देश विदेशमा रहेका नेपालीहरुबाट सहयोग आह्वान गरिएकोमा स्थितिको गाम्भीर्यतालाई मनन गर्दै सुरेन्द्र ढकाल फाउण्डेसनले ? ५००० सहयोग गरेको छ । सहयोग रकम एनआईसी एसिया बैकको खाता नं ३८७७४७५७५२४०० मा जम्मा गरिएको छ ।

## महिला...

सिकार भएका छन् । यस्ता घटना बर्सेनि १० प्रतिशतका दरले वृद्धि हुँदै गएका छन् । बलात्कारीको निशानामा साना बालिकाहरु बढीजसो पर्ने गरेका छन् । बलात्कृत हुनेको ठूलो संख्या १० देखि १६ वर्षबीचको रहेको छ । बलात्कारपछि नृसंस तरिकाले हत्या गर्ने पाशविक व्यवहारले समाज नै आतंकित बनाइरहेको छ । त्यसैगरी बोक्सीको आरोपमा समेत महिलामाथि जघन्य अपराध हुने गरेको छ । सामाजिक विकृति, विसंगति, अन्धकार कुरीति र हिंसात्मक घटनामा परेर हजारौं महिला दिदीबहिनी पीडित बन्नु दुःखलाग्दो र अत्यन्तै निन्दनीय कडा दण्ड सजायको व्यवस्था गर्न आवश्यक छ ।

## थापाले...

वि.सं २०१७ भदौ २५ गते गाउँ शहरमा जन्मिएका बलाधिकृत थापा वि.सं २०३६ मा नेपाली सेनाको अधिकृत क्याडेटमा भर्ना भएका थिए ।

## वाणिज्य...

रुपमा बढेको छ । गत वर्ष भारतसँगको व्यापारघाटा सात खर्ब ६४ अर्बबाट उकालो लागेको थियो । नेपालले गत वर्ष भारतबाट १ खर्ब १० अर्ब ९० करोड बराबरको सामान आयात गरेको थियो भने ४६ अर्ब ६० करोडको मात्र निर्यात गरेको थियो । भारतसँगको व्यापारघाटा तीव्र रुपमा बढ्दै जाँदा सन्धि पुनरावलोकन आवश्यक भएको हो ।

नेपालले चीन, भारत र बंगलादेश जस्ता संसारकै ठूला बजारलाई उपयोग गर्न सकेको छैन । यसलाई मध्यनजर गर्दै नेपाल पक्षले सन्धि पुनरावलोकनका लागि छलफल गरिरहेको छ । भारतीय लगानीलाई नेपाल भित्र्याएर व्यापारघाटा कम गर्ने नेपालको सोचाइ छ । भारतीय लगानी नेपाल आएमा उत्पादन बढ्ने र ती उत्पादन निर्यात गरेर व्यापार घाटा कम गर्न सकिने बताइन्छ । द्विपक्षीय बैठक बिहीबार र शुक्रबारसम्म चल्नेछ ।

## किन ओरालो...

प्रतिशतदेखि ०.४० प्रतिशतसम्म सूचीकरण शुल्क लाग्ने गरी विनियमावलीको मस्यौदा बोर्डमा पठाएको थियो । यसअघि कम्पनीहरूले ०.२० प्रतिशतदेखि ०.०७५ प्रतिशतसम्म सूचीकरण शुल्क तिर्दै आएका थिए । पुरानो व्यवस्था अनुसार कम्पनीले १ करोडसम्मका कम्पनीका लागि ०.२० प्रतिशत, ५० करोडसम्मका लागि ०.१५ प्रतिशत, १ अर्बसम्मका लागि ०.१० प्रतिशत र १ अर्बभन्दा माथिको शेयर सूचीकरणका लागि ०.०७५ प्रतिशत शुल्क तिर्नुपर्ने व्यवस्था थियो । बोर्डले नेप्सेले लिँदै आएको सूचीकरण शुल्कमा ५० देखि ६० प्रतिशतसम्म कटौती गरिदिएको हो ।

बोर्डले नेप्सेले लिँदै आएको सूचीकरण शुल्क कटौती गरेपछि नेप्सेले शुल्क घटाउन नहुने भन्दै शेयर सूचीकरणको काम ठप्प पारेको छ । जसले गर्दा आधा दर्जन बढी कम्पनीको हकप्रद, बोनस तथा आईपिओ सूचीकृत हुन पाएको छैन । नेप्से र बोर्डबीचको जुहारी साम्य नहुँदा लगानीकर्ताको करोडौं सम्पत्ति समेत बन्धक बनेको छ ।

पुरानो विनियमावली विस्थापित भैसकेको र नयाँ विनियमावली लागू नभएको अवस्थाले दोस्रो बजारमा उक्त कम्पनीका शेयर सूचीकृत गर्न नसकिएको, ब्रोकर कमिसन घटेका कारण नेप्सेको आम्दानी घटेको र सूचीकरण शुल्क समेत घट्दा संस्था सञ्चालन गर्न कठिन हुने नेप्सेको भनाइ छ । बोर्डले नेप्सेले शेयर सूचीकरण शुल्क कटौतीको विषयमा पुनरावलोकन गर्न माग गरेकाले बैठक बसेर त्यसको टुंगो लगाउने बताएको छ ।

*(मेरो लगानी डट कमबाट)*

# असल नागरिक, राष्ट्रवादी शक्ति र राजनीतिक दल

**पूर्ण ओली**

राष्ट्रियताको खोक्रो नारा लगाउँदैमा कोही राष्ट्रवादी र असल नागरिक हुँदैन । राष्ट्रवादी त्यस्ता नागरिक हुन् जसले राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय अस्मिता, राष्ट्रिय परम्परा, राष्ट्रिय गौरव बुझेको छ र जो राष्ट्रप्रति समर्पित छ, इमानदार छ । बडामहाराज पृथ्वीनारायण शाह सच्चा राष्ट्रवादी थिए । बाइसे चौबीसे टुक्राहरूमा विभक्त नेपाल राज्यलाई एकीकरण गरी एउटै छातामुनि अटाउने राष्ट्रवादी, स्वाभिमानी, देशभक्त राजा सच्चा नेपालीले बिर्सनै सक्दैनन् चाहे अहिलेका खोक्रा राष्ट्रवादीहरूले उनको सालिक ढालेर जति नै अपमान किन नगरुन् । राष्ट्रवादी व्यक्तिले आफ्नो श्रम, सीप, बुद्धि, विवेक इमानदारीपूर्वक प्रत्यक्ष अप्रत्यक्ष रूपमा समाज र राष्ट्रप्रति समर्पित गरिरहेका हुन्छन् । त्यस्ता केही व्यक्तित्वहरूलाई यहाँ स्मरण गर्न सान्दर्भिक ठान्दछु ।

नेपालका पहिलो राष्ट्रपति रामवरण यादवले जहिले पनि भन्नुहुन्थ्यो

'हामी सबै नेपाली एक भएर मात्र सार्वभौम राष्ट्रको सुरक्षा र विकास गर्न सकिन्छ । त्यसका लागि हिमाल, पहाड, तराई, कोही छैन, पराइ भन्ने विचार बारम्बार राख्दै जातजाति र क्षेत्रीयताका आधारमा देशका नागरिक विभाजित हुनुहुन्न भनी सबै दलका नेताहरूलाई सचेत गराइरहनु हुन्छ' ।

सधैंभरि राष्ट्रको सीमा सही व्यवस्थापनका लागि कलम चलाइरहने सीमाविद् तथा स्वाभिमानी व्यक्तित्व बुद्धिनारायण श्रेष्ठ, भ्रष्टाचारीहरूलाई ठीक गर्न सक्छु भन्ने आँट भएका सूर्यनाथ उपाध्याय जस्ता साहसी पूर्वअख्तियार प्रमुख, भ्रष्टाचार विरुद्धमा लागि सुशासनका लागि सम्बन्धित निकायहरूलाई सधैं घचघच्याइरहने इमान्दार पत्रकार प्रो. पब्लिक असल शासनका अध्यक्ष केदार खड्का, कर्ण शाक्य जस्ता सकारात्मक सोच भएका उद्योगपति तथा लेखक, हेल्प नेपालका संस्थापक अध्यक्ष रवीन्द्र मिश्र जस्ता निडर राष्ट्रवादी सकारात्मक सोच भएका पत्रकार । कनकमणि दिक्षित जस्ता साहसी यथार्थवादी र स्पष्ट लेखनशैली भएका पत्रकार तथा युवराज गौतम, युवराज घिमिरे जस्ता योग्य, अनुभवी, निडर र राष्ट्रवादी सोच भएका निष्पक्ष पत्रकार । साहसी, स्पष्टवादी र निडर स्व.इन्द्र लोहनी जस्ता पत्रकार जसको असामयिक निधनले एउटा साहसी पत्रकारको कमि खट्किरहेको छ ।

बि.बि.सि साझा सवालका संचालक नारायण श्रेष्ठ जसले नेपाली समाजका ज्वलन्त समस्यालाई उजगार गरी समाधानको बाटो पहिलाउन सम्बन्धितहरूलाई अभिप्रेरित गर्छन् । उत्तम संजेल जस्ता समतामूलक शिक्षाका प्रवर्तक समाजसेवक । बेचिएर नरक जस्तो जिन्दगी बिताएका चेलीको उद्धार गरी नयाँ जीवन दिने अनुराधा कोइराला जस्ती सच्चा समाजसेवी । मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यजस्ता समाजलाई चेतना दिने समाजसेवाप्रति समर्पित राष्ट्रवादी कलाकारहरू । उपभोक्ता हित संरक्षणमा लागेका ज्योति बानियाँ । पद्मोदय हाइस्कुल (सरकारी स्कुल) बाट पनि एस.एल.सी मा शतप्रतिशत पास गराउन सक्ने रमेश गौतम जस्ता इमानदार, समर्पित प्रधानाध्यापक ।

गरिब दुःखी असहायहरूको सेवामा रातोदिन समर्पित मेडिकल सेवाका डा.गोविन्द के.सी., डा. भगवान कोइराला, डा. सन्दुक रुइतहरू जसले सेवाभावनाबाट अभिप्रेरित हुँदै डाक्टर पेसालाई ज्यादै मर्यादित बनाई समाजको उच्च स्थानमा राख्न ठूलो योगदान पुऱ्याएका छन् ।

त्यस्तै विभिन्न विधामा समाज सेवा गर्ने दिलशोभा श्रेष्ठ, इन्दिरा सापकोटा, महावीर पुनहरूबाट पनि नेपाली समाजको उत्थान र विकासमा ठूलो मद्दत पुगिरहेको छ । उनीहरू जस्ता सयौं इमान्दार देशभक्त नै देशका सच्चा असल नागरिक र राष्ट्रवादी हुन सक्छन् ।

यीबाहेक बाखा हेर्दै ७ कि. मि. बाटो एक्लै बनाएका संखुवासभाका गणेश राई, इमानदारीपूर्वक समाजको सेवा गरिरहेका सेबइलाल थारु पनि देशका सच्चा र असल नागरिक हुन् । उनले सुनसरीमा बाटाका छेउमा हजारौं बिरुवा लगाई हुर्काएका थिए । त्यस्ता असंख्य व्यक्तिहरू छन्, जो मिडियामा आउन सक्तैनन् या चाहँदैनन् । उनीहरूको पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा समाज र राष्ट्रको सेवा गरिरहेका छन् उनीहरूलाई पनि हामीले इमानदार राष्ट्रभक्त तथा असल नागरिकको कोटीमा राख्नुपर्छ ।

तर अर्कोतर्फ सत्तामुखी, अवसरवादी स्वार्थी नेताहरूले राष्ट्रियताको कुरा नारामा मात्र सीमित गर्दैछन् । युवा शक्तिको दुरूपयोग गरी आफ्नै परिवारको मात्र हित हेर्ने स्वार्थी नेताहरूले नेपाली जनताको उत्थान गर्नुको सट्टा नेपाललाई अधोगतितिर धकेल्ने मात्र होइन आफ्नो सत्ता स्वार्थका लागि देशलाई जातीय, क्षेत्रीय, वर्गीय विभाजन गरेर टुक्र्याउन र मौका मिले लेण्डुप दोर्जे नै नबने पनि नेपाललाई भुटान जस्तो भारत निर्देशित देश बनाउन तयार हुन सक्ने देखिएको छ । पहिला आफूलाई राष्ट्रवादी पार्टी बनाई लोकप्रियता कमाएको एमाले पार्टी मदन भण्डारीको अप्रत्यासित मृत्युपश्चात भएको राष्ट्रको हितविरुद्ध गरिएको टनकपुर सन्धिपछि पार्टी नै विभाजित हुन पुग्यो ।

यीमध्ये आफू र आफ्नो पार्टीलाई बढी राष्ट्रवादी ठान्ने एमाओवादी पार्टीको समेत आफ्नो भनाइ र गराइ एउटै नहुँदा जनता झन् निराश भएका छन् । होइन भने पार्टीको दस्तावेजमा राष्ट्रियताको चर्को नारा दिने यसका नेताहरूले बेलामौकामा विदेशी राजदूतलाई आफ्नो क्वार्टरमा किन बारम्बार गोप्यरूपमा भेटघाट गर्न आवश्यक पऱ्यो ? यदि भेट्नु नै परे परराष्ट्र मन्त्रालयमार्फत आफ्नो एजेण्डासहित राष्ट्रलाई अहित नहुने गरी सिलसिलेवार मिलाएर खुलारूपमा भेट्ने कुरा गर्न सकिँदैन ? कमसेकम राष्ट्रियताको मुद्दामा आफ्नो स्पष्ट अडानमा कायम हुन सक्नुपऱ्यो तर त्यो देखिएन । केही घटिबढी मात्र हुनसक्ला नत्र सारमा जे भए पनि सबैलाई विदेशीको आशिर्वादसहितको सत्ता चाहिएको छ । त्यो पनि जनताका लागि भन्दै सत्ता प्राप्तिपछि आफू र आफ्नो परिवारको सुखसुविधामा मात्रै बढी केन्द्रित हुँदै त्योभन्दा पर आफ्नो गुटसम्ममा सीमित भएको देखियो । आफ्ना सत्ताको स्वार्थमा जे गर्न पनि तयार हुने धेरै नेताहरूमध्ये नेपाली कांग्रेसका स्व.नेता गिरिजाप्रसाद कोइराला अरुभन्दा कम देखिएनन् ।

प्रजातन्त्रका लागि जीवन बिताएका त्यागी भनिएका गिरिजाप्रसाद कोइरालाले तत्कालीन विद्रोही पार्टी माओवादीसँग प्रजातन्त्रलाई नै दाउमा राखेर भए पनि शान्ति सम्झौता गर्न सफल नेता भएर पनि भ्रष्टाचारमा नाम कमाएका प्रायःजसो नेताहरू उहाँकै नजिकका व्यक्तिहरू नै धेरै भएको देखिएको छ ।

२०४६ सालको आन्दोलनपछि बहुदलीय व्यवस्थामा पहिलोचोटि शासन चलाउन मौका पाई जनता र देशका लागि राम्रो योगदान दिई उदाहरण पेस गर्ने मौका पाएका स्व. गिरिजाप्रसाद कोइरालाले सुशासन चलाउनुपर्नेमा कुशासन मात्रै चलाएनन्, लाउडा एयर तथा धमिजा काण्डमा निजको नाम जोडिनु तथा निजको कार्यकालमा भ्रष्टाचार धेरै मौलाएको र आफ्नी छोरी सुजातालाई पैसा कमाउन प्रत्यक्ष अप्रत्यक्ष मद्दत पुऱ्याएको देखिन्छ ।

सुडान भ्रष्टाचार काण्डमा अदालतले प्रहरी प्रमुख मात्र दोषी देखाए पनि सबै पत्रपत्रिका अनुसार सुजाता र निजका ज्वाइँ रुवेल चौधरीको प्रत्यक्ष संलग्न हुँदाहुँदै प्रमाणको अभावमा दोषी ठहरिनबाट बचेको देखिन्छ । त्यतिमात्र होइन, छोरी सुजातालाई पार्टी र सत्ताको माथिल्लो तहमा पुऱ्याउन उनले आफ्नो लामो राजनीतिक छविलाई समेत दाउमा राखेर कांग्रेसभित्रका परिपक्क, इमानदार योग्य र जोशिला नेता हुँदाहुँदै उनीहरूलाई पाखा लगाउँदै अरुभन्दा कमजोर सत्ता र पैसाको लागि पार्टी र राष्ट्रलाई पनि अप्ठ्यारोमा पार्न सक्ने आफ्नो ओहोदाको ख्याल गर्न नसक्ने छोरी सुजातालाई उपप्रधानमन्त्री जस्तो गरिमामय पदमा धेरै चाँडो आसीन गराउन सफल भए । जसको फल नेपालले एमपीआर (मेसिन रिडेवल पासपोर्ट) सम्बन्धमा उनले गरेको कार्य र त्यसपछि पनि विदेशीको स्वार्थमा (भारतको पक्षमा) उनले दिएका वक्तव्यबाट थाहा हुन्छ ।

नेपालका केही नेताहरूलाई छोडेर प्रायः सबैले आफ्नो सत्ता स्वार्थका लागि कुनै पनि कार्य गर्न बाँकी राखेका छैनन् । जुन आज उनीहरूको बोलाई र गराईको विभिन्न चर्तिकलाले देखाइरहेका छन् । जसले आम नेपालीलाई निरास मात्र पारेको छैन, जुन जोगी आए पनि कानै चिरेको भन्ने उखानलाई चरितार्थ गरेको छ । यिनै नेतृत्व वर्गको गलत कार्यको फलस्वरूप यसको वाइ प्रोडक्टहरू हामीले देखिरहेका छौं । मन्त्री भनाउँदा व्यक्तिहरूको गैरजिम्मेवार काम कारबाही गर्दै प्रशासन प्रमुखलाई हात हाल्नुदेखि मन्त्रीहरूबीच तल्लोस्तरमा गालिगलौज गर्नु नचाहिँदो वक्तव्यबाजी गर्ने फेसननै भएको थियो ।

हुन त एन.जि.ओ, आइ.एन.जि.ओ.को पैसामा विदेश घुम्ने मन्त्री, नेताको कमी छैन । यिनीहरूले राष्ट्रको हित होइन, आफ्नै स्वार्थ मात्र पूरा गर्छन् । आफ्नो औकात बिर्सेर राष्ट्रको अहितमा तथा विदेशीको दलाली गर्ने नेताहरूबाट भावी पीडीले कस्तो शिक्षा लिने ? आफ्नो नेतृत्वमा रहेका यस्ता गलत प्रवृत्तिका मन्त्रीहरूलाई कारबाही गर्न नसक्नु तत्कालीन प्रधानमन्त्री माधव नेपालको पनि कमजोरी देखिन्छ ।

*क्रमशः*

## लेखा अधिकृत...

निजामती सेवामा प्रवेश गरेका भए तापनि उनले ७ करोडभन्दा बढीको अपत्यारिलो भ्रष्टाचार गर्न सफल भएका छन् । उनले भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति लुकाउन सहयोग गरेर उनका नातागोताले समेत भ्रष्टाचारको पक्षपोषण गरेका छन् । उदयपुरको कटारी र इलामको माई नगरपालिकामा लेखा अधिकृतको रुपमा कार्यरत रहँदा उनले ७ करोड बढीको भ्रष्टाचार गरे भने त्यसै आरोपमा अहिले उनी विशेष अदालतमा बयान दिइरहेका छन् । कर्मचारीतन्त्रमा नैतिक मूल्य, मान्यता स्खलित हुँदै गएकोप्रति सर्वत्र चिन्ता बढेको छ ।

## प्रहरी मनोबल...

बाह्र वर्षमै कुनै नेता समातेर सरकारसँग आम माफीको सिफारिस गराएर राष्ट्रपतिबाट आम माफी पाएर छुट्ने गर्छन् अपराधीहरु । फेरि समाजमा उनीहरुले आपराधिक क्रियाकलाप सञ्चालन गर्छन् । फेरि पक्राउ पर्छन् सजाय त्यस्तै तोकिन्छ । त्योभन्दा बेस अपराधको जड नै समाप्त गर्नु हो । यदि कानुनमा मृत्युदण्डको व्यवस्था गरिएको भए प्रहरीले अपराधी सिध्याएर अपराध न्यूनीकरण गर्न इनकाउन्टरको सहारा लिनुपर्ने थिएन ।

इन्काउन्टर नेपालमा मात्र होइन, विश्वका धेरै देशहरुमा प्रचलित छ । टाढा जानै पर्दैन, छिमेकी मुलुक भारत विहार राज्यका मुख्यमन्त्री नितिशकुमारले हजारौं गुण्डा र तिनका नाइकेहरुलाई मार्न प्रहरीलाई आदेश दिएका थिए । विहार प्रहरीले गुन्डाहरुलाई इन्काउन्टरका नाममा एकपछि अर्को गर्दै गोली ठोक्यो । अपराधको जड मानिने विहार शान्त भयो । लालु यादवद्वारा संरक्षित धेरै गुण्डाहरु मारिएपछि लालु राजनीतिमै कमजोर भए । गुजरातको मुख्यमन्त्री हुँदा नरेन्द्र मोदीले मुस्लिम हुल्लडबाजहरुलाई इन्काउन्टर भन्दै सिध्याउन लगाएका थिए । मोदीले अनाहकमा मुस्लिमहरु मारेको प्रचार गरियो । उनलाई अमेरिका जान रोक लगाइएको थियो । पछि प्रधानमन्त्री भएर अमेरिका जाँदा जब उनी मार्क जुकरवर्गको फेसबुक

अफिस हेर्न गए त्यहाँ मार्कसँग हात मिलाए । थुप्रै अमेरिकीहरुले जुकरवर्गले हात धुनुपर्छ भनेर सामाजिक सञ्जालहरुमा मोदीको विरोध गरेका थिए तर मोदीले गुजरातमा आतंकराज समाप्त पारेर गुजरातको तिव्रतर विकास गरे । गुजरात विकास मोडलले नै उनलाई भारतको शक्तिशाली प्रधानमन्त्री बनायो । बंगलादेशका खुँखार गुण्डाहरु इन्काउन्टरमै मारिए र बंगलादेशमा शान्ति सुरक्षाको प्रत्याभूति भयो ।

नेपालमा आपराधिक घटनाहरु ०४६ सालपछि मौलाएका हुन् । जब देशमा गणतन्त्र स्थापना भयो अपराधका घटनाहरु झनै बढ्दै गएको पाइन्छ । एक महिनाको अवधिमा २३ वटा बलात्कारका घटनाहरु घटेका छन् । यसका अलावा समाजमा महिलामाथि हुने दुर्व्यवहार र हिंसाको श्रृंखला झनै लामो छ । बोक्सी आरोपमा महिलामाथि हिंसा भइरहेकै छ । छाउगोठमा बसेका किशोरी समेत बलात्कारको सिकार भइरहेका छन् । त्यस्ता अपराध र हिंसा गर्नेहरुलाई डङ डङ गोलीले नढालेसम्म समाज हिंसा मुक्त हुन सक्दैन । राणाकाल, पञ्चायतकालमा अपराधका घटनाहरु त्यति घट्दैनथे । टिट फर ट्याटको नीति थियो राणाहरुको । जंगबहादुर जस्ता शक्तिशाली श्री ५ महाराज समेत काटिएका थिए । पत्थरघट्टमा दाउरा खोज्न गएकी एक तामाङ्नीलाई जंगबहादुरले जबर्जस्ती गरेपछि उनले चलनमा ल्याएको जार काट्न पाउने चलनका कारण उनी काटिएका थिए । तामाङले जंगबहादुरसँग बिन्ती गरेछन्- महाराज मेरी स्वास्नीलाई एकजनाले जबर्जस्ती गरेछ के म उसलाई काट्न पाउँछु ? जंगबहादुरले हुकुम दिएछन्- त्यो जार भयो तेरो काट्न पाउँछस् । आफूले दुर्व्यवहार गरेकी आईमाईको त्यो तामाङ पोइ हो भन्ने जंगबहादुरलाई थाहा थिएन । जंगबहादुरकै हुकुम अनुसार तामाङले मेरी स्वास्नी हातपात गर्ने तैंहोस् भन्दै खुकुरी बजारे जंगबहादुरको गर्दनमा । जंगबहादुर ठाउँको ठाउँ काटिए । जस्तालाई तस्तै ढिँडालाई निस्तै भन्ने कहावत नै छ । जसले जस्तो अपराध गर्छ उस्तै सजाय हुनुपर्छ ।

निशानका हत्याराहरुलाई प्रहरीले मारेपछि यसअघि भएका प्रहरी इन्काउन्टरका प्रसंगहरु समेत उठाइँदैछ । चरी, घैंटे जस्ता गुण्डा नाइकेहरु प्रहरी इन्काउन्टरमा मारिएका थिए । नाम चलेका नेताहरुले चरी र घैंटेको निकै खातिरदारी गरेका थिए । मिस्टर जोन, टिके डन, प्रहरी इन्काउन्टरमै मारिएका थिए । गुण्डाहरुलाई जहाँ देख्यो त्यहीं गोली हानेर मार्ने मुम्बई इन्काउन्टरको प्रारम्भ नेपाल प्रहरीले गर्न बाध्य भएको छ । नेपालमा पनि इन्काउन्टर सेल र इन्काउन्टर स्पेलिसिस्ट प्रहरी अधिकृत व्यवस्था गरिएमा अपराधका घटनाहरु यस्तरी बढ्न पाउँदैनन् । फिलिपिन्सका राष्ट्रपति दुर्तेतेले लागू औषध कारोबारीहरुलाई हेलिकप्टरबाट झारेर मारेको आफैंले बताएका छन् । फिलिपिन्समा मौलाएको लागू औषधको कारोबार बन्द जस्तै भएको छ भने दुर्व्यसनी समेत आजकल भेटिँदैनन् । भारतको तमिलनाडु महाराष्ट्र पनि गुण्डाहरु सिध्याउन इन्काउन्टर गर्ने गरिन्छ । विश्वका थुप्रै मुस्लिम राष्ट्रहरुमा बलात्कार, हत्या, लागू औषधका घटनामा संलग्नहरुलाई फाँसीको सजाय दिइन्छ । तर नेपालमा अपराधीका लागि कडा कानुन नभएकाले अपराधमा कमी आउन सकेको छैन ।

भदौ १ गतेदेखि लागू गर्ने भनिएको फौजदारी संहितामा अपहरण तथा शरीर बन्धकको कसुर ठहरे १५ वर्ष कैद र डेढ लाख रुपैयाँसम्म जरिवाना तथा अपहृतको हत्या गरेको प्रमाणित भए सर्वस्वसहित जन्मकैदको व्यवस्था गरिएको छ । हत्यारा तामाङद्वयलाई पक्रेर कानुनी कारबाहीको दायरामा ल्याउँदा यही कानुन लागू हुन्थ्यो । तर प्रहरीले हत्यारालाई बचाउन चाहेन । पीडित परिवारले कमसेकम न्यानो सास फेर्न पाएको छ । लोग्ने विदेशमा भएको सामान्य चिया पसल गरेर गुजारा गर्ने चमेलीले तामाङद्वयलाई कहाँबाट दिन सक्थिन दुई करोड फिरौती ? उनीहरुले निशानको हत्या जसरी पनि गर्थे । बालकलाई निर्मम ढंगले हत्या गर्ने हत्यारहरुलाई प्रहरीले सिध्याएपछि अहिले मानव अधिकारको डंका पिटेर प्रहरीहरुको मनोबल गिराउने प्रयास निन्दनीय छ । टाइकुन मिडियाहरुले जसरी अपराधी र अपराधलाई सहयोग पुऱ्याउने गरी समाचार छापिरहेका छन् त्यो झन् महानिन्दनीय छ ।